# स्थानिय तालिम पुस्तिका

shepherds
GLOBAL CLASSROOM

प्रतिलिपि अधिकार © २०२२ Shepherds Global Classroom
Available for free download at https://www.shepherdsglobal.org/downloads

This course is made available under the Creative Commons Attribution-NonCommercial-NoDerivatives 4.0 International License (CC BY-NC-ND 4.0) except where otherwise noted.
https://creativecommons.org/licenses/by-nc-nd/4.0/

This course may be copied and distributed freely in print and digital format but must not be altered in any way and may not be sold for profit (although printing costs may be charged). Educational institutions are free to use/copy this course even if they charge tuition fees. For more information, please visit www.shepherdsglobal.org/copyright

मुख्य लेखक: डा. स्टेफन के. गिब्सन

# बिषय सुचिहरु


यस पुस्तिकालाई तालिममा प्रयोग गर्ने तरीका ........ 5

१) स्थानिय तालिम सेवाकाईको महत्व ........ 7

२) एस.जि.सि. को परिचय ........ 13

३) एक सम्भावित शिक्षकको दक्षताहरु ........ 17

४) हाम्रा बिद्यार्थिहरुप्रतिको बुझाई ........ 21

५) राम्रो शिक्षाको लागि विधिहरू ........ 25

६) एस.जि.सि.का पाठ्यक्रमहरू कसरी सिकाउने ........ 29

७) शिक्षकहरु पत्ता लगाउने ........ 33

८) स्थानिय गोठालो प्रशिक्षण केन्द्र संन्चालन ........ 37

एस.जि.सि.का अनलाइन श्रोतहरु ........ 43

# यस पुस्तिकालाई तालिममा प्रयोग गर्ने तरीका



यो पुस्तिका प्राथमिकरुपमा स्थानिय प्रशिक्षक, शिक्षक र प्रशासकहरुको लागि एक मध्यस्थ गर्ने मार्गदर्शक हो । कतिपय प्रशिक्षकहरुले यस पुस्तिकालाई एउटा पाठको रुपमा, शिक्षक तालिममा र स्थानिय तालिम प्रशासनमा समेत प्रयोग गर्न सक्नुहुनेछ । अन्यसमयमा, यस पुस्तिकाका सामाग्रीहरु, ब्यक्तिगत खण्डहरु, एक विशेष बिषयमा प्रशिक्षण वा एस.जि.सि. परिचय गराउन प्रयोग गर्न सकिन्छ ।

यस पुरै पुस्तिकालाई सिकाउन तालिम अबधिभरमा जम्मा ६ घण्टा लाग्नेछ । प्रशिक्षकहरु छलफलका क्रममा बारम्बार रोकिनु पर्ने हुन्छ ।

प्रशिक्षार्थिहरुलाई आफ्नो बाईबल, लेख्न चाहिने सामाग्रीहरु र यस पुस्तिकाको एक प्रति आवश्यक हुन्छ ।

प्रशिक्षकहरुले विद्यार्थीहरूलाई ध्यानपूर्वक हेर्नको लागि विभिन्न एस.जि.सि. पाठ्यक्रमहरू ल्याउनु पर्छ । विद्यार्थीहरूले तीनवटा समूहमा एकअर्कालाई सिकाउने अभ्यास गर्न सकून् भनेर कक्षालाई धेरै फरक पाठ्यक्रमहरूमध्ये प्रत्येकको कम्तीमा तीन प्रतिहरू चाहिन्छ ।

प्रशिक्षकले जब छैठौ अध्याय सिकाउदछ, बिद्यार्थिले चाहि एस.जि.सि.को पाठ्क्रमहरुलाई हेर्नु पर्दछ । तिनिहरुले पाठ्यक्रमहरुको अगाडि दिइएको बिभिन्न निर्देशनलाई पनि हेर्नु पर्छ । बिद्यार्थिहरुले ति निर्देशनहरुलाई छलफल र त्यसलाई बुझे नबुझेको पक्का गर्नु पर्छ ।

प्रर्दशनि र अभ्यास तालिमको लागि अतिआवश्यक हुनुपर्छ । प्रशिक्षकहरुले कसरी सिकाउने भनेर शिक्षाबाट ३ वटा पाठहरु सिकाएर कसरी सिकाउने भनेर प्रर्दशन गर्न सक्छ । यदि प्रत्येक पाठ फरक पाठ्यक्रमबाट हो भने प्रर्दशनि उत्तम हुन्छ । यदि एकभन्दा बढि प्रशिक्षक वा सिपालु बिद्यार्थी उपलब्ध भएमा, उनिहरुले पनि पाठलाई बिभिन्न तवरले प्रस्तूत गरि सिकाउन सक्छन् ।

यस पाठका बिद्यार्थीहरुले प्रस्तूतिलाई अवलोकन गरेपछि, सिकाउनलाई अभ्यास गर्नु आवश्यक छ ।

अभ्यासलाई कम्तिमा पनि यसरी ब्यबस्थापन गर्न सकिन्छ: विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस्; प्रति समूह तीन विद्यार्थी । समूहका प्रत्येक विद्यार्थीले अन्य दुई विद्यार्थीहरूलाई ३० मिनेटभन्दा कममा पाठ सिकाउँछन्। ९० मिनेटमा, प्रत्येक तीन विद्यार्थीले सिकाउने अभ्यास गर्छन्। प्रत्येक विद्यार्थीले अन्य दुई विद्यार्थीहरूको अभ्यास अवलोकन गर्दछ ।

शिक्षक र अन्य बिद्यार्थीहरुको प्रतिक्रियासाथ गरिएको बिद्यार्थीको अभ्याससाथै अतिरिक्त प्रशिक्षण समय राखेर अभ्यास गराउनु सबैभन्दा उत्तम अभ्यास हुनेछ । यस्तो खालको उच्चस्तरको अभ्यास समय आवश्यक परेमा अलि पछाडितिर निर्धारण गर्न सकिन्छ । यसका लागि बिद्यार्थीहरुलाई अतिरिक्त समय दिई तयारी गर्न अनुमति दिइन्छ ।

# अध्याय १

# स्थानिय तालिम सेवाकाईको महत्व

## परिचय

**मण्डलिले सिकाउनै पर्छ** । येशूले मण्डलिलाई सबै ठाँउमा गएर सिकाउने आज्ञाहरु दिनुभयो (मत्ति २८:१९- २०) । पावलले पनि भन्दछ कि एउटा पाष्टर सिकाउन सक्षम हुनैपर्छ (१ तिमोथि ३:२) । यो सिकाउने कामचाहि चेलापनको एक हिस्सा हो । मण्डलिले मानिसहरुलाई कसरी बिश्वासी भई, परमेश्वरको महिमाको लागि जिउने भनि सिकाउदछ । यो शिक्षाहरु बिश्वासीहरु जहाँ जहाँ देखिन्छन्, त्यहि त्यहि देखापर्न आवश्यक पर्छ । बाइबलिय सत्यता र ब्यवहारिक पद्धतिहरु उद्देश्यसहित बलिया मण्डलिहरुमा सुसज्जित पारिएका हुन्छन् ।

**मण्डलीले तालिम दिनुपर्छ** ।

> धेरैजना साक्षीहरूका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरूहरूलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरूलाई सुम्पिदेऊ (२ तिमोथि २:२) ।

शिक्षाको आवश्यकताले सेवाकाईमा तालिमको आवश्यकतालाई सृजना गर्दछ । पावलले तिमोथिलाई भन्दछ कि अरुहरुलाई सिकाउन सक्नेलाई तालिम देऊ (२ तिमोथि २:२) । तालिम भनेको सूचना सिकाउने मात्र होइन । तालिम भनेको विश्वासीहरूलाई आफ्नो फाइदाको लागि सिकाउनु मात्र होइन । प्रशिक्षणले विश्वासीहरूलाई अरूलाई मद्दत गर्न सुसज्जित बनाउँछ ।

येशूले सेवकाई प्रशिक्षणको प्राथमिकता देखाउनुभयो । सेवाकाईको शुरुवातमा, उहाँले केहि मानिसहरुलाई रोज्नु भयो जसले मण्डलिलाई निर्देशन दिने र फैलाउने गर्दथ्ये । उहाँले आफ्नो सारा समय भिडलाई प्रचार गरेर बिताउनु भएन, त्यसको साटो उहाँले १२ अगुवाहरुलाई तालिम दिनमा समय बिताउनुभयो । उहाँले आफ्नो सेवाकाईको फैलावट ति नै जसलाई उहाँले तालिम दिनुभो तिनिकैहरुबाट गनुभयो ।

**एस.जि.सि. स्थानिय सेवाकाईद्धारार् संन्चालित एक हस्तान्तरणीय योग्य प्रशिक्षण कार्यक्रमलाई प्रदान गर्दछ ।**

## स्थानिय तालिम सेवाकाईको उद्देश्यहरु

### पाष्टरहरुलाई तालिम दिनु

पाष्टरहरु यि क्षेत्रहरुमा सैदान्तिक शिक्षा, बाईबल उल्था, प्रचार र चेलापन बिधिहरुमा तालिम पाएका हुनुपर्छ । संसारमा भएका हजारौ मण्डलिहरु केहि थोरै छापिएका स्रोत र कुनै उद्देश्यरहित तालिम पाष्टरहरुद्धारा अगुवाई गरिएको छ । धैरै पाष्टरहरु तालिम प्राप्त छैनन् र अरुहरुलाई तलिम दिनुपर्छ भनि महशुस गर्दैनन् ।

संसारमा भएका धैरै सम्भाब्य पाष्टरहरु बाइबल कलेज भाग लिन सक्दैनन् । उनिहरुको लागि आफ्नो परिवारहरु,रोजगारि र सेवाकाई छोडेर अन्य ठाँउमा कक्षहरुमा उपस्थित हुनु ब्यबहारिक हुदैन । उनिहरुका लागि स्थानिय तालिम हुनु आवश्यक छ ।

### साक्षिहरुलाई तालिम दिनु

कुनैपनि ब्यक्ति जसले परमेश्वरको बचाउने अनुग्रहलाई अनुभव गरेको छ, त्यो ब्यक्ति प्रचारप्रसारको लागि योग्य भएको हुन्छ । मानिसहरुले उनिहरुको जिवनमा परमेश्वरले के गर्नु भएको बताउन सक्छन् । बिशेषगरि उनिहरुले चिनेका ब्यक्तिहरुलाई आफ्नो साक्षीहरुद्धारा र जिवन परिवर्तन देखाएर बुझाउन सक्छन् ।

यद्यपि, कतिपय समयमा एक ब्यक्तिले सुसमाचारको अति आवश्यक कुराहरु बिस्तृतिकरण गर्न सक्षम हुदैन । यदि श्रोताहरु चाहि साक्षिदिने ब्यक्तिको भन्दा भिन्न अबस्थाबाटको छन् भने तिनिहरुले त्यस ब्यक्तिको जस्तै रुपान्तरण वा परिवर्तनको अनुभव गर्न सक्छन भनेर बुझ्न सक्दैनन् ।

यतिसम्म पनि हुनसक्छ कि बषौ पुगेको एउटा बिश्वासिले पनि सायद आफ्नो समुदायमा सुसमाचार प्रचार गर्न असक्षम हुन सक्छ किनभने उ ईसाइत्व सम्वन्धि सोधिने प्रश्नहरुको जवाफ दिन असक्षम छ । बिश्वासिलाई उ वा उनिलाई आफ्नो बदलावको अनुभव, आराधना सम्बन्धि महशुस, र ख्रिष्टको शरिरमा अरुहरुसँग संगति गर्नु के हो थाहा छ तर यि सबैथोकलाई बर्णन गर्न असक्षम हुनसक्छ ।

कहिलेकाहि अन्य समुदायका धर्मालम्बीहरु इसाईहरुको बिरोधि हुन्छन् । तिनिहरु असल जिवन जिउने ख्रिष्टको अनुयायीहरुलाई आदर गर्ने पनि हुनसक्छन् तर तिनिहरुलाई इसाई बिश्वासबारे जानकारी वा ब्याख्या गरिएको हुन आवश्यक छ ।

सुसमाचारका सिद्धान्तहरुर सुसमाचारलाई सर्मथन गर्ने आधारभूत सिद्धान्तहरु सिकेर एक ब्यक्ति अझ प्रभावकारी साक्षी बन्न सक्छ ।

**मण्डलिलाई रक्षा गर्नु**

पाष्टरहरु तिनिहरुका मण्डलिलाई असल शिक्षाद्धारा सुरक्षित पार्ने जिम्मेवार हुन्छन् (तितस १: ९-१४)। झुटा मण्डलिहरु र झुटा धर्महरुले मानिसहरुलाई अलमल्ल र धोकामा पार्ने बिचारहरु प्रयोग गर्दछन् । दुःखको कुरा धेरै मानिसहरु जोहरु एक पटक बदलाव भएर पनि पछि झुटा मण्डलिहरुमा ड्रोयाइएका थिए ।

पाष्टरले बाईबलिय सिद्धान्तमा सिकाउन पर्छ ताकि मानिसहरु तिनिहरुका बिश्वासमा स्थापित हुनेछन् । मण्डलिका सबै मानिसहरुलाई समेटनका लागि उद्देश्यपुर्ण र प्रणालिबद्ध र बिभिन्न तहका शिक्षाहरु सिकाउनै पर्छ ।


**सेवाकाईका समुह बिस्तार गर्ने**

एउटा खेलमा केहि खेलाडिहरु खेलमा शुरुवाति अवस्थमा नभइ बेन्चमा थप खेलाडि भइ बसेका हून सक्छ । ति खेलाडिहरु मुख्य खेलाडिहरु भन्दा भरखरका र कम अनुभवका हुनसक्छन् तर तिनिहरु तालिम गर्दै गरेको हुन्छन् । तिनिहरु मध्ये कोहि कोहिहरुमा बिशेषखालको क्षमता हुन्छ जो निश्चित समयहरुमा लागि खाँचो हुन आउछ ।

एउटा स्वाथ्य मण्डलिमा पनि “बेन्च” हुनुपर्छ ।  अगुवापनको स्थानमा सबैजना छ भन्दैमा अगुवापनको टोलि पुर्ण छ भनी सोच्नु भुल हो । एउटा सेवाकाई त्यसको चरमबिन्दुमा पुग्ने सिमा हुन्छ र त्यो निरन्तर बृद्धि हुनलाई नयाँ आकारमा अगुवाइ गर्ने अगुवा नभएसम्म बढदैन ।

एउटा स्वाथ्य मण्डलिमा बिकास र अभ्यास गर्ने “बेन्च”मा मानिसहरु हुनुपर्छ । त्यसका लागि स्थानिय तालिमको खाँचो पर्दछ तसर्थ सेवकाई तालिम भनेको सेवाकाईको स्थानहरु ओगटने मानिसहरुका लागिमात्र होईन ।

एउटा पाष्टरको काम भनेको स्थानिय मण्डलिमा तालिमको ब्यवथा गर्नुपनि हो । पास्टरले सबै तालिम आफैं गर्न सक्नेछैनन् । उहाँले यसलाई व्यवस्थित र प्रोत्साहन गर्नुपर्छ ।  उहाँलाई विभिन्न भूमिकाहरूमा सेवा गर्ने व्यक्तिहरूको टोली चाहिन्छ ।



> अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पास्टरहरू र कोही शिक्षकहरू बनून्, कि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन्, जबसम्म हामी सबैले विश्वासको र परमेश्‍वरका पुत्रको ज्ञानको एकता प्राप्‍त गर्दैनौं, र परिपक्‍व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं। यसरी हामी छालले अगि-पछि हुत्याइएका, धार्मिक-सिद्धान्तको प्रत्येक बतासले र मानिसहरूका जालझेल, धूर्तता र फट्याइँले यताउता उड़ाइएका बालकहरूजस्ता

नहोऔं। बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ (एफिसी ४:११- १५) ।

मण्डलिको सेवाकाईहरु पुरा गर्नका लागि परमेश्वरले यि बरदानहरु र क्षमताहरु स्थानिय मण्डलिमका मानिसहरुलाइर् दिनुहुन्छ । मानिसहरुलाई उद्देश्यमुखि भई बिकास गर्ने जिम्मेवारी मण्डलिहरुले लिनै पर्छ ।

**स्थानिय मण्डलिलाई बलियो बनाउने**

स्थानिय मण्डलि चाँहि स्थानियरुपमा संन्चालित, स्थानियरुपमा सर्मथित, स्थानियरुपमा स्वामित्वमा रहेको हुन्छ। यो मण्डलिचाँहि बिदेशिहरुमा निर्भर हुदैन । मण्डलिको स्वाथ्यपन र बृद्धि लागि स्थानिय साथको महत्व हुन्छ ।

एक स्थानिय मण्डलि आफ्नै सस्कारमा रहेको हुन्छ । यो बिदेशि मण्डलि होइन ।

एक स्वस्थ स्थानिय मण्डलिमा हुने फाईदाहरुः

१. यसमा आफ्नै सँस्कृतिमा रहेर प्रभावकारी प्रचारप्रसार र चेलापन गरिन्छ ।
२. बैदेशिक निर्भरताविना नै मण्डलि ख्रीष्टको शरिरमा परिपक्क र कार्य गर्ने हुन्छ ।
३. अगुवाहरुले आफ्नो पुर्ण सम्भावनाको बिकास गर्छन ।
४. सेवाकाइको लागि स्थानिय सहभागिहरुबाट सर्मथन र जवाफदेहिता प्रदान गर्छन् ।

केहि स्थानिय मण्डलिहरु स्वस्थ छैनन किनभने तिनीहरुमा सैद्धान्तिक स्थिरता र इसाई जीवनको बाइवलिय स्तरको स्थिरताको कमि छ । तिनिहरुले आफ्नो समुदायहरुमा निरन्तर शक्तिशालि साक्षी बनि प्रभाव पार्न चुकेका छन् । उनिहरु प्रतिभा भएका तर चरित्र नभएका अगुवाहरुका लागि कमजोर हुन्छन् । उनिहरुमा नेतृत्व बिकास कार्यक्रमको कमि छ । तिनिहरुलाई एक स्थानिय सेवाकाई तालिमको आवश्यक हुन्छ ।

कहिलेकाहि मण्डलिहरु अन्ततः स्वदेशि बन्ने लक्ष्यका साथ बिदेशि मिशनरीहरुद्धारा मण्डलि शुरु गरिएको हुन्छ । प्रगतिको मापनमा स्थानिय सर्मथनको बृद्धि र स्थानिय अगुवाहरुको बढ्दो जिम्मेवारी समावेश छ ।

स्थानिय अगुवाहरुको बिकासका लागि स्थानिय प्रशिक्षणको खाँचो हुन्छ, जसले सैद्धान्तिक शिक्षा, ब्यवाहारिक जिवनमा बिश्वास लागु गर्न र असल सेवाकाई शैली र रणनीती सिकाउदछ ।

**मण्डलि स्थापना गर्नु**

यो एउटा दुःखको कुरा हो कि धेरै मण्डलिहरु अन्य समुदायमा सुसमाचार नपठाईकन बर्षौदेखि कार्यगत छन् । मण्डलीले प्रशिक्षण दिई मण्डली नभएका ठाँउहरुमा प्रचारकहरुको टोलिहरु पठाँउनुपर्छ । यस्ता टोलिको मुख्य लक्ष्य बदलाव भएकाहरुको एउटा नयाँ समुह बनाउनु हो जो अन्तत् मण्डलि बन्छ ।

बद्लाव भएका समुहहरुलाई मण्डलि बन्न मद्दत गर्न केहि प्रचारकहरुलाई तालिम दिनुपर्छ । तिनिहरुले नयाँ बिश्वासिहरुलाई कसरी ईसाइ जिवनयापन गर्ने भनि चेलापन दिन सक्षम हुनपर्छ । तिनिहरुले बद्लाव भएकाहरुलाई सुसमाचार प्रचारप्रसार र सेवाकाईको जिम्मेवारीहरुमा तालिम दिन सक्षम हुनुपर्छ ।

प्रायजसो, नयाँ मण्डलिमा स्थानिय ब्यक्तिहरुद्धारा नै अगुवाइ गरिएको पाईन्छ बाहिरबाट आएर समुदायमा बस्ने पाष्टरद्धारा होईन । धेरैजसो पढेलेखेका वा तालिम प्राप्त पाष्टरहरुले नयाँ मण्डलि वा एउटा सानो शहरमा गई सेवाकाई गर्न ईच्छाउदैन् । हामिले मण्डलिलाई ड्रोयाउन परमेश्वरको वोलावट पाएको स्थानिय बिश्वासीहरुलाई तालिम उपलब्ध गराउनु पर्छ ।

**सेवकहरु तयार गर्ने**

मिशनरीहरुचाँहि मण्डलिद्धारा जसलाई सुसमाचारलाई उद्देश्य राखि कुनैठाँउमा पठाईएको ब्यक्ति हो । मिशनरी भन्ने शब्द बिशेषगरि त्यस्तो ब्यक्तिलाई बुझाउदछ जो अरु देशमा वा अन्य कुनै संस्कृतिमा जादछ, तर कहिलेकाहि आफ्नै देशको अन्य समुदायमा जाने ब्यक्तिलाई पनि जनाउदछ ।

संसारका केही क्षेत्रहरूमा सुसमाचार द्रुत रूपमा फैलिरहेको छ, प्रायः मिसनरीहरू द्वारा जो आफ्नै देशको अर्को क्षेत्रमा जान्छन् । प्रशिक्षणले चाहि उनिहरुको प्रभावकारीता र सैद्धान्तिक दिगोपनलाई बृद्धि गर्ने छ ।

१०/४० क्षेत्र जो भू-मध्ये रेखादेखि १०डिग्री दक्षिणदेखी उत्तरसम्म, उत्तरी अफ्रिका र दक्षिणी एशिया र चीन र भारतका देशहरु सहित फैलिएको क्षेत्र हो । १०/४० क्षेत्र जसले २/३ संसारको जनसंख्यालाई समेटेको छ । १०/४० झ्यालमा रहैका झन्डै ८० प्रतिशत भन्दा बडि मानिसहरुमा सुसमाचार पुगेको छैन ।

संसारका केहि मुलुकहरु तिनीहरुका ठुला शहरहरुमा मण्डलिहरु भएतापनि प्रायः सुसमाचारको पहुँचमा छैनन् । एक ब्यक्ति बर्षौदेखी मण्डलिमा सेवाकाई गरेको हुनसक्छ तरै पनि नयाँ ठाँउमा सेवाकाई शूरु गर्न नजानेको हुनसक्छ । उसले केवल कुनै एक मण्डलि वा समुहका बिश्वासिलाई कसरी सिकाउने भनि थाहा पाएको हुनसक्छ । मण्डलिले मिशनरीहरुलाई सुसमाचारको सन्देशमा र स्थानिय बिश्वासिहरुको परिवार खडा गर्ने कुरामा  प्रशिक्षण दिनेपर्छ ।

# अध्याय २

# एस.जि.सि. को परिचय

## एस.जि.सि. को दर्शन

एस.जि.सि. को दर्शनचाँहि संसारमा भएका स्थानिय मण्डलिलाई स्थानिय तालिमको एउटा सेवाकाई उपलब्ध गराई ख्रिष्टको शरिरमा सुसज्जित रहेको छ ।

उबर नामक ट्याक्सी ब्यवसायीले प्रत्येकदिन ५५ लाख बराबर यात्रिहरुलाई ओसारपसार गर्छ । यसका लागि ठुलोमात्रामा चालक कामदारको आवश्यकता पर्दछ । उबरले हजारौ कारहरु खरिद गर्दैन त्यसका साटो उनिहरुले स्थानिय चालकहरुलाई भाँडामा राखेर उबरका यात्रुहरुलाई ओसारपसार गर्दछन् । तिनिहरुले तिनिहरुको ब्यवसायमा भएको श्रमिकको समस्यालाई यसरी समाधान गरे । त्यसैगरि एस.जि.सि. पनि पहिलेबाटै त्यसैठाँउमा रहेका स्थानिय सम्भावित शिक्षकहरुलाई तालिम उपलब्ध गराउदछ । परमेश्वरले स्थानिय बिश्वासिहरुलाई सिकाउने क्षमता र ईच्छाले बरदानयुक्त बनाउनुभएको छ ।

## सैदान्तिक जग

एस.जि.सि. बिशेष कुनै सम्प्रदायमा आवद्ध गरिएको छैन । हामिले नाईसेन, चाल्सिडोनियन, र एथानसियन सारहरुलाई हाम्रो शिक्षाहरुमा ऐतिहासिक त्रिएकत्वको सिद्धान्तहरु राखेका छौ । हामि बाईबलको एकमात्र सार्वभौम अधिकारलाई पछ्याउदछौ । हामि अनुग्रह, बिश्वास र मुक्तिको लागि ईभान्जेलिकल सिद्धान्तहरुलाई अपनाउदछौ । हामि बिश्वास गछौ कि बिश्वासिमा परमेश्वरको अनुग्रहको कामले उनिहरुलाई पवित्र हृदय र बिजयी जीवनमा ड्रोयाँउदछ ।

## उद्देश्यपुर्ण पाठ्यक्रमको निमार्ण

स्थानिय सम्भावित शिक्षकहरुका लागि बिशेष पाठ्यक्रम हुन खाँचो हुन्छ ताकि त्यसले उनिहरुलाई तालिम सेवाकाईका लागि सुसज्जित गर्दछ । बिशेषगरि एस.जि.सि.का पाठ्यक्रमहरु निम्नअनुसार छन्ः

- यसले २० वटा पाठ्यक्रमहरुमा ईभान्जेलिकल सिद्धान्तलाई पुर्णरुपमा समेट्छ ।
- यो दक्ष, अनुभवी, अन्तर संस्कृतिक प्रशिक्षकहरुद्धारा तयार गरिएको छ ।
- यो कुनैपनि संस्कृतिमा उपयोगि छ ।
- यो स्पष्ठ र सरल भाषामा लेखिएको छ ।

- यसले ईभान्जेलिकल सत्यतालाई बिना कुनै सम्प्रादायिक पहिचानमा रहि जोड दिन्छ ।
- यो जिवन र सेवाकाईका लागि ब्यवहारिक र सुहाँउदो छ ।
- यो बिभिन्न सन्दर्भहरु र बिभिन्न समुहको प्रकारमा अनुकुलयोग्य छ ।
- यो असंख्य भाषाहरुमा उपलब्ध छ ।
- यसले स्थानिय मण्डलिलाई परमेश्वरले दिनु भएको बरदानलाई प्रयोग गर्दछ ।
- यसले अगुवाहरुलाई प्रशिक्षक हुनका लागि स्थानिय कार्यक्रमहरुमा स्थापित गर्छ ।
- यसले बिद्यार्थीहरुलाई छिटो अरुहरुलाई सिकाउन तयार पार्छ ।
- यो सामुहिक शिक्षा दिनका लागि र ब्यक्तिगत अध्ययन गर्नका लागि तयार गरिएको हो ।
- यो डिजिटल माध्यममा निःशुल्क छ ।
- यसका लागि अन्य कुनै पुस्तिकाको आवश्यकता पर्दैन ।



यस पाठ्यक्रम लेखकहरुसँग परिपक्क शैक्षिक प्रशिक्षण, शिक्षण अनुभव, अन्तर-संस्कृतिक सेवाकाईको अनुभव छ ।

यस एस.जि.सि.पाठ्यक्रमले एउटा सेवाकाई तालिमको आवश्यकतालाई समावेश गर्दछ । तिनीहरू विभिन्न समूहहरूलाई सिकाउनका लागि उपयोगी हुन्छन्, जस्तै पास्टरहरूको वर्ग वा गृह बाइबल अध्ययन समूह ।

पाठ्यक्रमहरू स्थानीय शिक्षकहरूलाई स्थानीय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न द्रुत रूपमा सुसज्जित गर्न डिजाइन गरिएको हो । एक ब्यक्तिमा आत्मिक परिपक्कता, बाईबलको ज्ञान, र शिक्षा दिने बरदान छ भने त्यस्ता ब्यक्तिले बिना कुनै ब्यापक तालिम सिकाउन सक्छ ।

यस पाठ्यक्रमहरु सिकाउनका लागि सरल साथै प्रश्नहरु र गृहकार्यहरु समेटेर निर्माण गरिएको छ । त्यसमा यस्तो भागहरु छन् कि बिद्यार्थीले पनि अभ्यासको लागि सिकाउन सक्छ । प्रत्येक पाठमा औसत लम्वाई १६० पृष्ठको छ र ७ देखि १९ वटा पाठहरुमा बिभाजन गरिएको छ ।

एस.जि.सि.को पाठ्यक्रम मण्डलिको सेवाकाईलाई पुरा गर्नका लागि एक बहुमुल्य औजारको बाकस हो ।

नोटः यदि बिद्यार्थीहरुमा पहिलै केहि बाईवलको ज्ञान र आत्मिक परिपक्कता छ भने यो तालिम अति उत्तम हुन्छ । यि पाठ्यक्रमहरु भरखरका नयाँ बिश्वासिहरुका लागि निर्माण गरिएको होईन । त्यस्ता बिश्वासिका लागि चेलापनका लागि शिक्षा पाठ (एस.जि.सि.बाट उपलब्ध छ) चेलापनको लागि प्रयोग गर्ने सिफारिस गछौं ।

## सेवाकाईमा सम्बन्धको संरचना

एस.जि.सि. स्थानिय तालिम सेवाकाई उपलब्ध गराउनका लागि बिभिन्न सेवाकाईहरु तथा राष्ट्रिय सेवाकाईहरुसँग साझेदारी गर्छ । प्रत्येक स्थानिय सेवाकाईहरु तथा राष्ट्रिय सेवाकाईहरुले स्थानिय मण्डलिलाई स्थानिय प्रशिक्षण केन्द्र शूरु गर्नका लागि सेवा पुर्‍याउदछन् ।

यि निम्न सुचिहरुले हाम्रो भूमिका र जिम्मेवारीहरु बर्णन गर्छ :

१. एस.जि.सि.
२. संस्थागत सेवाकाई र राष्ट्रिय सेवाकाई र
३. स्थानिय प्रशिक्षण केन्द्र

जसरी तिनिहरु ईसाइ सेवकहरुलाई  तालिम दिनका लागि सहकार्य गर्छन् ।

**एस.जि.सि. भुमिका**

- २० थान तालिम सेवाकाईको पाठ्यक्रमहरु उपलब्ध गराउने ।
- एस.जि.सि. वेबसाईटबाट डाउनलोडका लागि उपलब्ध गराउने ।
- पाठ्यक्रमहरु, भिडियोहरु, र प्रशिक्षण सामाग्रीहरु सहितको एस.जि.सि. याप उपलब्ध गराउनु ।
- बिभिन्न भााषाहरुमा पाठ्यक्रमहरुको अनुवादलाई निरिक्षण गर्ने ।
- शिक्षक प्रशिक्षणका लागि पाठ्यक्रम उपलब्ध गराई क्षेत्रिय कार्यक्रमका लागि प्रशिक्षक खटाउने ।
- पाठहरु पुरा गरेकाहरुलाई प्रमाणपत्रहरुको ब्यवस्थापन गर्ने ।

**संस्थागत सेवाकाई र राष्ट्रिय सेवाकाइर्को भुमिका**

- मण्डलिहरुलाई स्थानिय प्रशिक्षण केन्द्रद्धारा क्रियाशिल हुन आव्हान गर्ने ।
- एस.जि.सि. को सामाग्रीहरुलाई प्रवर्द्धन गर्ने र स्थानिय तालिमको लागि शिक्षकहरुलाई तालिम दिने ।
- क्षेत्रिय भेलाको लागि एस.जि.सि.सँग साझेदारी गर्न ।
- पाठ्यक्रमहरु छपाई र बितरणको तर्जुमा गर्ने ।
- तालिम सामाग्रीहरुको लागि एस.जि.सि. याप र वेबसाईटलाई सिफारिस गर्ने ।
- परामर्श र नयाँ सामग्रीहरू प्रस्ताव गर्न नियमित रूपमा शिक्षकहरूलाई सम्पर्क गर्नुहोस् ।
- पाठ पुरा गरे नगरेको निधो गरि प्रमाणपत्रको लागि प्रमाणिकरण गर्ने ।

**स्थानिय प्रशिक्षण केन्द्रको भूमिका**

- कक्षाका भेलाका लागि ठाँउ उपलब्ध गर्ने
- स्थानिय शिक्षक छनौट गरि आवश्यक परे आर्थिक वा भौतिक साहायता जुटाउने
- बिद्यार्थि भर्ति र दर्ता गर्ने
- मुद्रित पाठ्यक्रमहरूको लागतको लागि तिर्नुहोस्
- कक्षा तालिका र संन्चालन गर्ने

संस्थागत सेवाकाई र राष्ट्रिय सेवाकाई र स्थानिय प्रशिक्षण केन्द्र बिचको सम्बन्धलाई अध्याय ८ ले अझै बिस्तृत जानकारी दिन्छ ।

# अध्याय ३

# एक सम्भावित शिक्षकको दक्षताहरु

### एक बिशेष सेवाकाई

शिक्षकहरु बिशिष्ठ मानिसहरु हुन्छन् । प्रेरित याकुबले हामिलाई सबैजना शिक्षक बन्नैपर्छ भन्ने छैन भनि होशियार गर्दछन् किनभने शिक्षकहरुको परमेश्वरसँग बिशेष जिम्मेवारी रहेको छ र यदि तिनिहरु बिश्वासयोग्य भएनन् भने दोषि ठहराइने छन् (याकुब ३:१) ।

प्रेरित पावलले समेत होशियार गराउदछन कि ज्ञानले एक ब्यक्तिलाई घमण्डी बनाउन सक्छ र अरुलाई निरुत्साहि तुल्याउन सक्छ (१ कोरेन्थीहरु ८:१) । उहाँले भन्नु भयो कि प्रेमले आफैलाई उचाल्नु भन्दा अरुलाई बनाउन अभिप्रेरित गर्छ । ज्ञान भएका मानिसहरुले यसलाई एउटा औजारमात्र हो जानेर अरुलाई साहयता गर्नुपर्छ तर आफैलाई उच्च पार्न होईन भनि बिचार गर्नुपर्छ । यदि तिनिहरुले ज्ञानद्धारा सम्मान खोजिरहेका छन् भने तिनिहरुले गलत अभिप्राय लिएका हुन्छन् र हानि पुर्रयाउनेछन् ।

सेवकाईमा जो सिकाँउने भूमिकामा रहन चाहने मानिसहरुका लागि यी सावधानिहरु महत्वपुर्ण हुन्छन्, किनभने तिनिहरुले उनिहरुको ज्ञानद्धारा सेवा गर्नका लागि आफैलाई अभिप्रेरित गर्नुपर्छ ।

### रुपान्तरणकारी सत्यता

बाईवल अध्ययनका लागि बिशिष्ट प्रकारको स्वभावको आवश्यकता हुन्छ । मानिसहरुले आफ्नो चरित्रमा कुनै प्रयोगबिना नै बिज्ञान वा गणित अध्ययन गर्न सक्छन् । बिद्यार्थीहरुमा तिनिहरुले प्राप्त गरेको ज्ञानको कुनै उपयोग नहुन सक्छ । बाईबलिय सत्यताचाँहि भिन्नै छ । बाईबलका बिद्यार्थीहरुले उनिहरुको चरित्रमा अध्ययन पश्चात् चूनौति महशूस गर्छन् । उनिहरुले सिकेका सत्यतामा भई तिनिहरुको चरित्र पवित्रआत्मामा नम्र हुनलाई अनुमति दिनै पर्छ । बाईबलिय सत्यता रुपान्तणकारी हुन्छ ।

### एस.जि.सि. शिक्षकको योग्यता

यस अध्यायमा वर्णन गरिएका विशेषताहरुका अतिरिक्त, शिक्षक प्रशिक्षण पाठ्यक्रममा बिद्यार्थी स्थानिय मण्डलिको सहभागि सदस्य हुनुपर्छ र पाष्टरको सिफारिस हुनुपर्छ ।

एक एस.जि.सि. शिक्षकमा आत्मिक परिपक्कता, सिकाउनमा सिपालु, र बाईबलिय ज्ञान हुनैपर्छ ।

शैक्षिक आवश्यकताहरुः एक शिक्षक राम्ररी पाठ्यपुस्तक पढ्न सक्ने, बुझ्ने, र पाठलाई ब्याख्या गर्न सक्षम हुनुपर्छ । यद्यपि एक शैक्षिक डिग्रीले शिक्षकलाई निर्देशन विधिहरु र गहिरो ज्ञानले सुसज्जित गर्न सक्छ, तर एस.जि.सि.को दर्शनचाँहि उस्तै खालको शिक्षा अरुहरुमा हस्तान्तरण गर्न सक्ने ब्यक्तिलाई प्रशिक्षण दिई बिकास गर्नु हो । यसैकारण हामि शिक्षकहरु पहिल्याने काममा शैक्षिक डिग्रीहरुमा निर्भर रहदैनौ । हामि सबैतिर रहेका शिक्षकहरुमा परमेश्वरले दिनु भएको बिश्वासयोग्यतासहितको सम्भाबित बरदानहरुमा निर्भर रहन्छौ । हामि प्रशिक्षण क्षमताकासाथ बरदानयुक्त मानिसहरु पत्ता लगाई र सुसज्जित पार्न काममा आशाबादी छौ ।

तल सुचिमा दिएको भए अन्य चरित्रहरु प्नि महत्वपुर्ण छन् । एक शिक्षक सबै गुणहरुमा सिद्ध त नहोला तर त्यसमा उनिहरु सुधार गर्ने हुनुपर्छ । शिक्षकहरु यि कुनैपनि कुरामा जो कमि छन् भने तिनिहरुको प्रभावकारीता कम हुनेछ ।

**१. आत्मिकी परीपक्कता** : शिक्षकचाहि एक असल आत्मिक उदाहरणका हुनपर्छ । यदि शिक्षकको ईसाइ जिवन र स्वाभावहरु निरन्तर स्थिर छैनन् भने उनिहरु बिद्यार्थिका लागि असल उदाहरण होईनन् ।

**२. उपलब्धता** : यदि कसैेको तालिका पहिला नै ब्यस्त छ र राम्रोसँग ब्यवस्थित छैन भने, उ वा उनि नियमित शिक्षण सेवाकाईका लागि होईनन् । शिक्षकलेचाहि सिकाउन कामलाई एउटा प्राथमिकताकासाथ लिनलाई चाहेको हुनुपर्छ । यो सेवाकाई केहि प्रतिभाशालि ब्यक्तिहरुलाई दिनुहुन्न किनभने तिनिहरुले यसलाई अन्य गतिविधिहरुद्धारा बाधा पुर्रयाउने छोडिदिन्छन् ।

**३. बिश्वसनियता** : शिक्षक त्यो ब्यक्ति हो जसले आफ्नो प्रतिबद्धताहरु कायम गर्दछ । तिनिहरुले आफ्नो समयनिष्ठ र दैनिक तालिकालाई पछ्याउने हुनुपर्छ । शिक्षक ढिलो वा कक्षामा नआएमा कक्षाका सदस्यहरु निराश हुनेछन् ।

**४. बिश्वसतता** : उनिहरुले समुहको नेतृत्व कसरी गर्ने सिकेका छन् भनेर शिक्षकहरु बिश्वस्त हुनुपर्छ । उनिहरुको आत्माबल निर्माण गर्नका लागि अभ्यासका क्रममा केहि निरिक्षणको आवश्यकता हुनसक्छ ।

**५. द्धन्द समाधान गर्न सक्षम** : मानिसहरु असहमति र समस्याहरुको कारक बने तापनि शिक्षकहरु आफ्नो ठिक स्वाभावमा रहीरहनु आवश्यक हुन्छ । उनिहरु अन्य मानिस बिचको द्धन्दहरु समाधान गर्न सहयोगि बन्न आवश्यक छ ।

**६. सिकाउन सक्षम** : के मानिसहरुले शिक्षकको ब्याख्या बुझ्छन् ? एक शिक्षक मानिसहरुलाई अलमल्लमा पार्ने हुनुहुन्न् ।

**७. परमेश्वरको बचनमा भोकाउने** : शिक्षकचाहि परमेश्वरको बचनमा आनन्द गर्ने, ताकि अरुहरुलाई पनि आनन्द गर्नलाई निम्ताउने हुनुपर्छ । तिनिहरुले आफ्नो परमेश्वरसँगको सम्बन्धमा बाईबललाई महत्व बनाएको हुनुपर्छ ।

**८. परमेश्वरमा निर्भर** : शिक्षकहरुले यो कुरालाई महशूस गरेको हुनुपर्छ कि पवित्र आत्माद्धारामात्र आत्मिक परिणामहरु सम्भव छ । उनिहरु पवित्र आत्मा सहकार्य गर्नलाई तयार हुनुपर्छ । तिनिहरु परमेश्वरबाटको अभिषेकमा निर्भर हुनुपर्छ । ितनिहरुको स्पष्टीकरणमा आत्मानिर्भर हुनुहुन्न किनभने उनिहरुको ब्याख्याहरुको क्षमताको कारणमात्रै सफलता मिल्छ भनि उनिहरु बिश्वस्त हुनुहुदैन ।

**९. सेवा गर्न तत्पर** : शिक्षकहरु चाँहि सेवा गरिएको चाहने मानिसहरु हुनुहुन्न् । तिनिहरुले एक सेवा उनिहरुको प्रतिभा देखाउने थलोको रुपमा हेर्नुहुन्न्। तिनिहरु खाँचोहरुमा प्रतिक्रिया जनाउने र स्वयंम सेवकीयपनमा तयार हुनुपर्छ ।

**१०. आत्मिक अधिकारमा रहने** : शिक्षकहरु आत्मिकरुपमा अरुहरुप्रति जिम्मेवार हुनुपर्छ । उनिहरुले आत्मिक अगुवाहरुको निर्देशन पछ्र्याउने हुनुपर्छ ।

**११. मण्डलिप्रति बिश्वासयोग्य** : शिक्षकहरु स्थानिय मण्डलिको प्रतिबद्ध सदस्यहरु हुनुपर्छ । तिनिहरुको शिक्षाको कारण मानिसहरुले मण्डलिलाई सहर््नाी गरेको हुनुपर्छ र अझै धेरै प्रतिबद्ध हुनुपर्छ ।

**१२. सफलताको लागि डाहि** : यदि शिक्षकमा सफल हुने जोश छ भने उनिहरु छिट्टै हार मान्ने हुनेछैनन् । तिनिहरुले परिस्थिति अनुकुल हुनेछन् । उनिहरु थप प्रभावकारी बन्नका लागि जानकारीहरुको साहयता खोज्नेछन् । जब समस्याहरु वा मौकाहरु देखा पर्छन् उनिहरु अग्रसर हुनेछन् । तिनिहरुमा उर्जा र उत्साह हुनेछ ।

**१३. सैद्धान्तिकरुपमा सठिक** : प्रत्येक शिक्षकमा एक असल बाईबलिय, इभान्जेलिकल सिद्धान्त हुनुपर्छ ।

**१४. सेवाकाईमा अनुभवि** : शिक्षकहरु केहि समहयका लागि मण्डलि सेवाकाईमा बिश्वासयोग्य ब्यक्तिहरु भएको हुनुपर्छ ।

# अध्याय ४

# हाम्रा बिद्यार्थिहरुप्रतिको बुझाई

## धार्मिक आवश्यकताहरु

किनभने एस.जि.सि.को सेवाकाई तालिमको उद्देश्यचाहि एक असल गवाहि र परमेश्वरलाई आदर गर्ने जिवनशैलि भएको बिश्वासि हुनुपर्छ । यस पाठमा भएका पाठ्यक्रमहरु एक अबिश्वासिले बुझ्न वा प्रशंसा गर्न सक्दैन ।

बिद्यार्थीहरुले ईसाइ बिश्वासको अत्यावश्यक ऐतिहासिक कुराकासाथ साथै इभान्जेलिकल सिद्धान्तमा बिश्वास गरेको हुनुपर्छ । यस कार्यक्रमलाई पहिचानसहित सबैतिरका ख्रिष्टको शरिरमा सेवा गर्नेहरुका लागि निर्माण गरिएको छ ताकि बिशेषत साम्प्रदायिक आस्थाको आवश्यकता नहोस् ।

बिद्यार्थिहरु एउटा स्थानिय मण्डलिको सदस्य भई जसले उसको वा उनिको मण्डलिमा आराधना तथा संगति गर्ने हुनुपर्छ । मण्डलिमा सर्मपित हुन नचाहने बिद्यार्थिहरुलाई तालिम सेवाकाईमा राम्रो बिद्यार्थीहरुको उमेदवारीका रुपमा लिइदैन् । त्यस्ता बिद्यार्थिहरुलाई आर्दशकारुपमा मण्डलिमा रहेर जे सिकिरहेका छन त्यसैमा अभ्यास गर्न अनुमति दिइन्छ । केहि गृहकार्यमा अन्य बिश्वासिहरुको पनि सहभागिता जनाइएको छ ।


## आवश्यक शैक्षिक स्तर

स्थानिय प्रशिक्षण केन्द्रचाहि जसले राम्ररी लेख्न वा पढ्न जानेका छन् तिनीहरुका लागि निर्माण गरिएको हुनुपर्छ । उनिहरु बिद्यालयबाट निश्चित उपाधि हासिल गरेको हुनुपर्छ भन्ने आवश्यकता छैन तर पाठ्यक्रमलाई बुझ्नका लागि राम्ररी लेख्न र पढ्न सक्ने हुनुपर्छ । यत्तिको तहसम्म अध्ययन गर्न सक्नेहरुका लागि प्रशिक्षण केन्द्रले प्रमाणपत्रको प्रस्ताव गर्नुपर्छ ।

सिक्न चाहने तर गृहकार्य गर्न नसक्ने बिद्यार्थिहरुका लागि अरु तहको तालिम पनि उपलब्ध गराउनु पर्छ । उदाहरणका लागि: शिक्षकले सामान्य मण्डलिका बिश्वासिहरुमा वा घरेलु बाईबल अध्ययन समुहमा गृहकार्य गर्न नसक्ने र पढ्न नसक्नेहरुका लागि सिकाउन सक्छन् ।

## हाम्रा बिद्यार्थिहरुप्रतिको बुझाई

स्थानिय एस. जि. सि.मा भर्न भएका बिद्यार्थिहरु अन्य प्रकारका शिक्षण संस्थानहरुमा भएका बिद्यार्थिहरु भन्दा भिन्न हुन्छन् । तिनिहरु बिद्यालय पढ्ने बिद्यार्थिहरु जस्ता हुदैनन् । उनिहरु बिश्वबिद्यालय पढ्ने बिद्यार्थिहरुभन्दा फरक र बाईबल कलेज अध्ययन गर्ने बिद्याथिहरु भन्दा बेग्लै हुन्छन् । शिक्षकरुले यस्ता खालका कक्षाको लागि



उनिहरुको सिकाउने शैलिहरु अनुकूलन गर्नुपर्छ । केहि समान्य बिद्यार्थिहरुको शैक्षिक योग्यता कलेज पढ्ने बिद्यार्थिहरुको भन्दा निम्न कम हुन्छ । शिक्षकले त्यस्ता बिद्यार्थिप्रतिको अपेक्षाहरुलाई मिलाउनु जान्नु पर्छ । उनिहरुले बिद्यार्थिहरुलाई गृहकार्य कसरी गर्ने भनि राम्ररी ब्याख्या गर्नुपर्छ । तिनिहरुले अल्छिपन र लापरवाहिलाई स्थान दिनुहुन्न, तर बिद्यार्थिहरुको कार्यप्रतिको आलेचना चाहि अपमानजनक नभई सहयोगि र प्रोत्साहनदायि हुनुपर्छ ।

याद राख्नुहोस, यदि परमेश्वरले प्रत्येक एक एकलाई सेवाकाईको लागि बोलावट दिनुभएको हो भने उनिहरुलाई खाँचो पर्ने क्षमता पनि परमेश्वरले तिनिहरुलाई दिनुहुन्छ । बिद्यार्थिहरुले उनिहरुको सेवाकाईहरुमा परमेश्वरको अभिषेक र आशिषलाई पहिले नै प्रर्दशन गर्न सक्छन् । उनिहरुलाई बिकास गर्न सहयोग गर्नु हाम्रो जिम्मेवारी हो । उनिहरुलाई निरुत्साहित गर्नु गलत हुनेछ ।

प्रायजसोः एस.जि.सि. बिद्यार्थिहरुमाझ त्यह धेरै उमेर समुह भएका ब्यक्तिहरु हुनेछन् । कोहिहरु भरखरै बिद्यालय सकेका हुन्छन् । अरुहरु चाहि बाजेबजूको उमेरका पनि हुन सक्छन् । सायद कोहि कोहि चाहि लामो समयदेखि पाष्टरीय सेवाकाईमा भएका पनि हुन सक्छन् । कहिलेकाहि एक बिद्यार्थि शिक्षकभन्दा पाको उमेरका पनि हुनसक्छन् ।

एउटा बिस बर्षको भरखरै बिद्यालय शिक्षा सकेको ब्यक्ति एउटासाठी बर्षको पाष्टर भन्दा शैक्षिक क्षमतामा बढि हुन सक्छ । जेहोस सबैले आदर देखाएको हुनुपर्छ । हामिले शैक्षिक क्षमता र अनुभवलाई परिपक्कता र अनुभवलाई अनादर गर्ने गरि मान्यता दिनुहुन्न । हामिले शैक्षिक आवश्यकताहरुलाई जोड दिदै गर्दा त्यस्ता बिद्यार्थीहरु अभ्यास गर्दा शर्ममा पर्नदेखि जोगाउनु पर्छ ।

## परिपक्क बिद्यार्थीहरुको चरित्रहरु

परिपक्क बिद्यार्थीर्हरु बिवाहित र बालबच्चा भएकाहरु हुनसक्छन् । तिनिहरुले कुनै सेवाकाई वा पेशामा काम गरेको पनि हुनसक्छ । तिनिहरुले जिवनमा बिभिन्न खालको अनुभवहरु पहिलै नै अनुभव गरिसकेका हुन्छन् । जब परिपक्क बिद्यार्थीहरुले जिवनमा बिद्यार्थी हुने निर्णय गरेका हुन्छन्, उनिहरुले केहि ब्यक्तिगत लक्ष्यहरु राखेका हुन्छन् ।

शिक्षकको र कक्षाको बनावटले परिपक्क बिद्यार्थीहरुको सिक्ने खाँचोलाई पुरा गरेको हुनुपर्छ ।

१. **परिपक्क बिद्यार्थीहरु तालिमले उनीहरुलाई तत्काल साहयता प्रुयाएको चाहान्छन्** । उनिहरुले सिकेका कुराहरु कसरी अभ्यास गर्ने भनि छलफल गर्न खाँचो पर्दछ । कक्षाको समयमा, विद्यार्थीहरूले आफूले सिकेका कुराहरू

कसरी लागू गर्ने अपेक्षा गर्छन् भनेर वर्णन गर्न समय हुनुपर्छ । शिक्षकले कक्षामा पाठ्यक्रमलाई बिद्यार्थीहरुसँग अन्तरक्रिया नगरि समय बिताएको हुनु हुदैन् ।

**२. परिपक्क बिद्यार्थीहरु आदर गरिएको चाहान्छन्** । उनिहरुमा पहिला नै परिपक्क जिम्मेवारी पाएका हुनाले बच्चालाई झै ब्यवहार गरेको चाहान्दैनन् । शिक्षकले पनि बिद्यार्थीहरुसँग सिक्ने स्वभाव र खुल्ला बिचारहरु प्रस्तुत गरेको हुनुपर्दछ । उनिहरुले आफ्नो बिद्यार्थीहरुको अनुभव र अन्तरदृष्टिलाई पनि आदर देखाएको हुनुपर्छ ।

**३. परिपक्क बिद्यार्थीहरु अध्ययनसँगै केहि रोजाई पनि गर्न रुचाउदछन्** । उनिहरुको अनुभवहरु र उद्देश्यहरुले केहि अध्ययनहरुलाई झनै आर्कषक र उनिहरुलाई सुहाँउदो बनाउदछ । उनिहरु तिनिहरुको चाँसोहरु अनुसार र तिनिहरुको आफ्नै शैलिमा अध्ययन गर्ने स्वतन्त्रता हुन आवश्यक छ ।

**४. परिपक्क बिद्यार्थीहरु कक्षाकोठामा अभ्यास गर्नलाई रुचाउदछन्** । शिक्षकले बिद्यार्थीहरुसँग उनिहरुको प्रस्तुति, पाठ्यक्रमको भागहरु ब्याख्या, र प्रश्नहरुको जवाफको लागि सहयोग गरेको हुनुपर्छ । कतिपय समयमा बिद्यार्थीहरुले आफ्नो अनुभवहरुको घटनाहरुबाट पनि बताउन सक्छन् । तरैपनि शिक्षकले समय खेर फाल्ने कामदेखि जोगिनु पर्छ । तिनिहरुले भनेको कथा बिद्यार्थीले आफुले केहि सिकेको वा बुझेको कुरालाई  लागु गर्ने तरिका हो भनि बुझ्नुपर्छ ।

**५. परिपक्क बिद्यार्थीहरुले अन्य बिद्यार्थीहरुसँग सम्बन्ध बिकास गर्दछन्** । तिनिहरुले एकाअर्काकको प्रतिक्रियाबाट सिक्छन् । उनिहरु आदर दिने र प्राप्त गर्दछन् । परिपक्क बिद्यार्थीहरुले केहि प्रतिक्रियाहरुलाई आफ्नो जिवनभरका लागि स्मरण गर्नेछन् । कक्षाले कहिलेकाहीँ छलफलको लागि सानो समूहमा विभाजन गर्नुपर्ने हुन सक्छ ।

**६. परिपक्क बिद्यार्थीहरु उनिहरुको आफ्नै निष्कर्षमा आउन चाहन्छन्** । तिनिहरुले बिभिन्न खाले बिचारहरुलाई अभ्यासमा ल्याउन अपेक्षा गर्छन् ।

**७. परिपक्क बिद्यार्थीहरु शिक्षकलाई मन पराएर र सम्मान गर्न रुचाउछन्** । उनिहरु आफु र शिक्षकबिचको दूरि बिश्वबिद्यालयमा बिद्यार्थीर प्राध्यापकबिचको भिन्नता जत्तिकै ठुलो भएको चाहदैनन् । उनिहरुलाई शिक्षकले ब्यक्तिगतरुपमा ध्यान दिएको चाहान्छन् । उनिहरु शिक्षकबाटको ज्ञानमात्र नभई प्रतिबद्ध जिवन र चरित्रमा अबलम्वन उच्च सम्मान भएको चाहन्छन् ।

## बिद्यार्थीहरुका लागि प्रतिक्रिया

असल अध्ययनबानि बारेमा शिक्षकले बिद्यार्थीहरुसँग कक्षाकोठामा र ब्यक्तिगतरुपमा कुरा गर्न समय लिएको हुनुपर्छ । बिद्यार्थीहरुले आफैलाई कसरी अनुशासित गर्ने र दैनिक अध्ययन समय तालिका बनाउन सिक्नुपर्छ ।

शिक्षकले गृहकार्य र दैनिक हाजिरीको अभिलेख राख्ने कार्यलाई हाशियारीसाथ राखेको हुनुपर्छ । पाठको अन्त्यमा, त्यस अभिलेखको आधारमा उनिहरुको स्तर छुट्याईनेछ । पाठको समयमा, एक एक बिद्यार्थीहरुले राम्रो गरेका छैनन् भने शिक्षकले उनिहरुसँग कसरी सुधार गर्ने भनि कुरा गर्नुपर्छ ।

विद्यार्थीले असाइनमेन्ट कसरी गर्ने भनेर बुझेको छ भनी सुनिश्चित गर्नु शिक्षकको लागि महत्त्वपूर्ण छ । नराम्रो काम भएका कार्यहरू सुधारको लागि विद्यार्थीलाई फिर्ता गरिनुपर्छ, तर शिक्षकले विद्यार्थीले काम कसरी सुधार गर्ने भनेर बुझेको कुरा सुनिश्चित गर्नुपर्छ ।

बिद्यार्थीहरुको हाजिर वा गृहकार्यहरुको कारण उनिहरुको स्तर कमजोर भएको छ भने उनिहरुको सुधारको लागि सुधारका लागि शिक्षकले कुरा गर्नुपर्छ । पाठको अन्त्यमा बिद्यार्थीहरु आफ्नो अन्तिम परिणाममा छक्क नपरेको होस् ।

# अध्याय ५

# राम्रो शिक्षाको लागि विधिहरू

## कक्षाको शैली मिलाउनु

प्रशिक्षण कार्यक्रमको सुरुमा, त्यहाँ उत्साह र अपेक्षा छन् । विद्यार्थीहरूलाई ठ्याक्कै के आशा गर्ने थाहा छैन, तर तिनीहरूले समूहबाट मद्दत पाउने आशा गर्छन् ।

कक्षाको पहिलो बैठक पछिको बैठकहरू भन्दा फरक हुन सक्छ किनभने कक्षाको बारेमा परिचय र स्पष्टीकरण आवश्यक छन् । जेहोस, पहिलो बैठकले भावी बैठकहरूको शैली तय गर्नेछ । उदाहरणको लागि, यदि कसैले पहिलो भेटमा कुरा गर्दैन भने, त्यो व्यक्तिले भविष्यमा मौन रहने अपेक्षा हुन्छ । यदि कसैले छलफलमा हावी हुन्छ भने, भविष्यमा हुने छलफलहरू पनि उही व्यक्ति हावी हुने अपेक्षा बढि हुदछ । यदि बैठक अव्यवस्थित छ भने, तिनीहरूले भविष्यमा यस्तै आशा गर्नेछन् । यदि कक्षामा थोरै विद्याथर्ी सहभागिता छ भने, तिनीहरूले भविष्यमा पनि उस्तै ढाँचाको आशा गर्नेछन् ।

केही विद्यार्थीहरूले केही बैठकहरू पछि छोड्न सक्छन् किनभने कक्षा तिनीहरूले अपेक्षा गरेजस्तो नहुन सक्छ । कक्षा सबैलाई खुसी पार्न निर्माण गर्न सकिँदैन, तर यो सिक्न चाहने विद्यार्थीहरूलाई सन्तुष्ट पार्न निर्माण गरिएको हुनुपर्छ । सही कुराको अपेक्षा गर्ने विद्यार्थीहरू निराश नहोस् भनेर कक्षालाई राम्ररी नेतृत्व गर्नु महत्त्वपूर्ण छ ।

## नतिजाहरुको लागि लक्षित

हाम्रो प्रशिक्षणको अन्तिम परिणामहरू प्रभावकारी सेवकाईहरू र सुसंगत इसाई जीवनहरू हुनुपर्छ । प्रभावकारी पास्टरहरू, शिक्षकहरू, प्रचारकहरू, र सेवकहरू हामी हाम्रो कार्यक्रमबाट उत्पादन भएको हाम्रो अन्तिम चाहाना हुन् ।

शिक्षकहरूले आफ्ना कक्षाहरू प्रभावकारी छन् कि छैनन् भनी जान्नको लागि तत्काल, अवलोकनयोग्य नतिजाहरू खोज्नुपर्छ । आफ्ना विद्यार्थीहरूले सेवकाईमा राम्रो गर्छन् कि गर्दैनन् भनी ढिलो नगरी उनीहरूले आफ्ना कक्षाहरू प्रभावकारी छन् कि छैनन् भनी जान्नै पर्छ ।

कक्षाको राम्रो ध्यान राख्नु शिक्षकको पहिलो नतिजो हुनुपर्छ । विद्यार्थीहरूले ध्यान दिन सकून् भनेर शिक्षकहरूले क्रमबद्धतालाई कायम राख्नुपर्छ । यदि शिक्षकहरूको ध्यान कमजोर छ भने उनिहरूले विद्यार्थीहरूलाई मात्र दोष दिन मिल्दैन । शिक्षकहरूले कक्षालाई चाखलाग्दो बनाउनुपर्छ ।

कक्षा सफल छ भन्ने त्यहाँ अन्य संकेतहरू पनि हुन्छन् । चिन्हका रूपमा छलफलमा विद्यार्थीहरूको सहभागिता, विद्यार्थीहरूबाट राम्रो प्रश्नहरू, राम्रो उपस्थिति, गृहकार्यहरू पूरा हुनु, र उनीहरूले के सिकिरहेका छन् भन्ने बारे विद्यार्थीहरूले उत्साि‍हित भई भावनात्मक समावेशीता जनाउने गर्दछन् । यदि शिक्षकहरूले यी संकेतहरू देखिरहेका छैनन् भने, तिनीहरूले आफ्नो कक्षाको शैली सुधार गर्ने तरिकाहरू खोज्नुपर्छ ।

**शिक्षाको लागि थप निर्देशनहरू**

**१. समयको कदर गर्ने ।** समयमै बैठकहरूलाई सुरु र अन्त्य गर्नुहोस् । सबैजनाको आगमनको प्रतीक्षा नगर्नुहोस्। ढिलो सुरु भयो भने समयमै आएका मानिसको समय बर्बाद गरिरहनुभएको छ । जब तपाइँ ढिलो समाप्त गर्नुहुन्छ, तपाइँ विद्यार्थीहरूको अन्य जिम्मेवारीहरूमा हस्तक्षेप गर्नुहुन्छ । केही संस्कृतिहरूमा, समयको सावधानी सजिलै आउँदैन, तर ती संस्कृतिहरूमा मानिसहरूलाई काममा वा यात्राको लागि तालिका कसरी राख्ने भनेर थाहा छ । उनीहरूले पनि कक्षालाई उस्तै महत्व दिनु पर्छ ।



**२. विद्यार्थीहरूलाई आर्ध गोलाकारमा बसाउनुहोस् ।** किनभने छलफल महत्वपूर्ण भएकोले विद्यार्थीहरूले एकअर्कालाई देख्न सक्ने गरी बस्ने व्यवस्था गरिनुपर्छ ।

**३. विद्यार्थी बोल्दा राम्रोसँग सुन्नुहोस् ।** राम्रो सुनेको लक्षणहरू जस्तै आँखा सम्पर्क, केन्द्रित अनुहारको अभिव्यक्ति, अबरोधहरूलाई बेवास्ता गर्ने, र वक्ताको हास्य वा अन्य भावनाहरूप्रति प्रतिक्रियाशील हुनुपर्छ ।

**४. कुनै पनि विद्यार्थी सधैं शान्त छैन भनी पक्का गर्नुहोस् ।** धेरै नबोल्ने विद्यार्थीलाई प्रत्येक्ष प्रश्नहरु सोध्नुहोस् (“तपाई यस बारे के सोच्नुहुन्छ, हरि ?“) ।

**५. विद्यार्थीहरूलाई उनीहरूको आत्मविश्वास बढाउने प्रश्नहरू सोध्नुहोस् ।** यदि कसैले गलत जवाफ दिन्छ भने, यसको आलोचना गर्नु अघि जवाफको बारेमा केहि राम्रो पुष्टि गर्ने प्रयास गर्नुहोस् ।

**६. आलोचना गर्नु अघि प्रत्येक टिप्पणीलाई कुनै न कुनै रूपमा पुष्टि गर्ने प्रयास गर्नुहोस् ।** यदि उनीहरूको सहभागिता पुष्टि भयो भने विद्यार्थीहरूले आत्मविश्वास प्राप्त गर्नेछन् ।

**७. एकैजना विद्यार्थीलाई धेरै बोल्न र सबै प्रश्नहरूको जवाफ दिन नदिनुहोस् ।** तपाइँ विशेष विद्यार्थीहरूलाई प्रश्नहरू निर्देशित गर्न सक्नुहुन्छ । वा तपाईले सोध्न सक्नुहुन्छ, “बाँकी तपाईहरुलाई के लाग्छ ?“ छलफलमा, तपाईंले भन्न सक्नुहुन्छ, “यसको बारेमा अहिलेसम्म नबोलेको व्यक्तिबाट सुनौं ।

यदि व्यक्तिगत सदस्यहरू अझै धेरै बोल्छन् भने, अगुवाहरूले उनीहरूसँग बैठक बाहिर कुरा गर्न सक्छन् । एक अगुवाले यसो भन्न सक्नुपर्छ, "हरि, तपाईं एक छिटो विचारकर्ता हुनुहुन्छ र छलफलहरूमा छिटो प्रतिक्रिया दिन सक्षम हुनुहुन्छ, तर मलाई चासो छ कि यदि हामीले सबै कुराको छिटो जवाफ दियौं भने अरूहरु केही सहभागी हुनेछैनन् । के तपाईं मलाई सबैलाई संलग्न गराउन मद्दत गर्न सक्नुहुन्छ ?"

**८. समूहलाई बेवास्ता गरि दुई वा तीन विद्यार्थीहरूलाई बादबिवाद गर्न नदिनुहोस्** । यदि कोही कुनै कुरामा लामो समयसम्म बहस गरिरहन चाहन्छ भने, त्यसलाई भन्नुस कि छलफल पछि समाप्त गर्नुपर्छ ।

**९. कसैलाई पनि अरूलाई बाधा प्रुयाउने अनुमति नदिनुहोस्** । आफ्नो हात उठाउनुहोस्, दृढतापूर्वक बाधा प्रुयाउनेलाई रोक्नुहोस्, र अघिल्लो वक्तालाई सिध्याउने अनुमति दिनुहोस् । अन्यथा, छलफल सधैं अशिष्ट सदस्यहरूद्वारा हावी हुनेछ । आफ्नो कुरा पूरा गर्न नसकेर कम दृढता भएका मानिसहरू निराश महसुस गर्न सक्छन् ।

**१०. गुनासोहरू सुन्नुहोस्** । जसलाई सच्चाउन सकिने कुनै पनि गुनासोले समस्या देखाउन सक्छ । असन्तुष्टिको संकेतलाई बेवास्ता नगर्नुहोस् । यदि कोही कक्षाको बारेमा असन्तुष्ट छ भने, उसले वा उनिले उद्देश्य बुझ्न सकेको छैन, वा जाएज गुनासो हुनुसक्छ ।

**११. बाधक विद्यार्थीलाई सच्याउनुहोस्** । यदि व्यक्तिगत विद्यार्थीहरूले लगातार शत्रुतापूर्ण, विघटनकारी, विवादास्पद, वा वक्क लाग्ने कार्य गर्छन् भने, उनीहरूले कक्षाको उद्देश्य बुझेको छैन् । उनीहरूले सोचे जस्तो कक्षा नहुन सक्छ । कक्षाको उद्देश्य बुझाउन उनीहरूसँग ब्यक्तिगतरूपमा कुरा गर्नुहोस् ।

**१२. यदि तपाईलाई जवाफथाहा छैन भने जवाफ थाहा पाएको जस्तो बहाना नगर्नुहोस्** । शिक्षकलाई सबै कुरा थाहा हुनैपर्छ भन्ने छैन । तपाईले जवाफ खोज्नुहुनेछ भनी विद्यार्थीहरूलाई भन्नु ठीकै हुनेछ ।

**१३. छलफलहरूलाई विध्वंसक हुन नदिनुहोस्** । समूहलाई स्थानीय चर्च र अगुवाहरूको आलोचना गर्ने केन्द्र बन्न नदिनुहोस् । धेरै पास्टरहरू तिनीहरूका सदस्यहरू कक्षामा सामेल भएपछि चिन्तित हुन्छन् ।

**१४. आफ्ना विद्यार्थीहरूलाई चिन्नुहोस्** । यदि तपाईंलाई उनीहरूको पारिवारिक अवस्था, सेवकाईको अनुभव, शैक्षिक पृष्ठभूमि, वर्तमान सेवकाईको स्थिति, र भविष्यका लागि लक्ष्यहरू थाहा छ भने तपाईंले अझ प्रभावकारी रूपमा सिकाउन सक्नुहुन्छ । यी कुराकानीहरु व्यक्तिगतरुपमा सिक्ने प्रयास गर्नुहोस् ।

राम्रो शिक्षाका लागि अन्य निर्देशनहरू र परिपक्क बिद्यार्थीहरूको विशेषताहरू अध्याय ६ मा दिइएको छ ।

# अध्याय ६

# एस.जि.सि.का पाठ्यक्रमहरू कसरी सिकाउने

### कक्षाकोठा

शिक्षकले सम्भव भएमा कक्षाकोठालाई पहिले नै मिलाउनुपर्छ । विद्यार्थीहरू एकअर्कालाई हेर्न मिल्ने व्यवस्थामा बस्नुपर्दछ । शिक्षकले कक्षाको समयमा ध्यान भंग गर्ने गतिविधिहरू र आवाजहरू नआएको कुरामा सुनिश्चित गर्नुपर्छ । शिक्षकले आरामदायी सिट, एक अारामदायी तापक्रम, र राम्रो उज्जालो हुने कोठाको सुनिश्चित गर्ने प्रयास गर्नुपर्छ । यदि त्यहाँ धेरै ध्यानभंग हुने कुराहरू छैनन भने बाहिरी अध्ययन क्षेत्र राम्रो हुन सक्छ ।

कक्षाकोठामा लेखन र रेखाचित्रको लागि ठूलो बोर्ड हुनुपर्छ ।

### पहिलो कक्षाको दिन

शिक्षकहरूले बिद्यार्थिहरुको परिचय, आफ्नो परिवार, सेवाकाईका अनुभवहरू, वर्तमान सेवाकाईहरू, र शैक्षिक पृष्ठभूमिहरू बाड्न लगाउनु पर्छ । तिनीहरूका सूचीबद्ध उपलब्धिहरूले आफैलाई उच्च पार्दैछन भने त्यस स्थितिबाट जोगिनुपर्छ । उनीहरूले आफ्नो जानकारी साझा गर्नुको उद्देश्य विद्यार्थीहरूसँग नजिक सम्बन्ध निर्माण गर्नु हो भनेर याद गर्नुपर्छ ।

विद्यार्थीहरूले संक्षिप्त रूपमा आफ्नो परिचय दिनुपर्छ । शिक्षकले प्रत्येकसँग छोटकरीमा अन्तरक्रिया गर्न सक्दछन्, एक वा दुई प्रश्न सोधेर चासो देखाउन र उनीहरूबीच सम्बन्ध निर्माण गर्न सकिन्छ ।

परिचय पछि प्रार्थनाको समय हुन सक्छ । प्रार्थना गर्नुहोस् कि परमेश्वरले कक्षालाई विद्यार्थीहरूको आवश्यकताहरू पूरा गनर्लाई प्रयोग गर्नुभएको होस । शिक्षालाई जीवन परिवर्तन र उपयोगी बनाउन शिक्षकले परमेश्वरमा निर्भरता देखाउनुपर्छ । भावी कक्षा भागहरू प्रार्थनाबाट सुरु हुनुपर्छ र प्रार्थनामा संक्षिप्त आवश्यकताहरूको बताउने काम समावेश हुनपछर् ।

शिक्षकहरूले विद्यार्थीहरूलाई बाइबल, पाठ्यपुस्तक, र लेखन सामग्रीहरू सहित के सामग्री ल्याउने भनेर बताउनुपर्छ । शिक्षकहरूले  विद्यार्थीहरूलाई आफ्नो भविष्यको फाइदाको लागि नोटहरू लिनुपर्छ, तर परीक्षा उद्देश्यका लागि होइन भनेर जोड दिनुपर्छ । (सबै परीक्षण सामग्री पाठ्यक्रम पाठमा छ ।)

परिचय पछि, पहिलो दिनको कक्षाको समय भविष्यमा हुने कक्षाको शैलीको हुबहु हुनुपर्छ, जसले गर्दा विद्यार्थीहरूले के अपेक्षा गर्ने भनेर जान्दछन् ।

## पाठ निर्माण

एस.जि.सि. पाठ्यक्रमहरू केवल पुस्तकहरू होइनन्, तिनीहरू शिक्षणको लागि निर्माण गरिएका पाठ्यक्रमहरू हुन् । प्रत्येक पाठ्यक्रममा अगाडिको नजिक शिक्षकको लागि निर्देशनहरू छन् । पाठ्यक्रमहरू एकअर्कासँग मिल्दोजुल्दो छन् तर बनावटमा बिल्कुल समान छैनन् ।

केही पाठ्यक्रमका पाठहरू पाठ उद्देश्यहरूबाट सुरु हुन्छन् । शिक्षकले ति कक्षामा पढ्नुपर्छ भन्ने छैन ।



धेरै पाठहरू प्रश्न वा कथा वा रुचि हासिल गर्ने र विद्यार्थीलाई विषय महत्त्वपूर्ण छ भनी महसुस गराउने उद्देश्यले कुनै अन्य प्रविधिबाट सुरु हुन्छन्।

शिक्षकहरूले पाठमा पृष्ठ-पृष्ठमा जान सक्छन्, सामग्रीको अनुच्छेदहरू व्याख्या गर्दै । तिनीहरूले सामग्री बुझेका छन् भनी सुनिश्चित गर्न र प्रत्येक अनुच्छेद व्याख्या गर्न मद्दत गर्न मुख्य वाक्यांशहरूलाई चिन्ह लगाउदै तिनीहरूले अग्रिम तयारी गर्नुपर्छ ।

छलफल प्रश्नहरू सम्पूर्ण पाठको क्रममा आउछन् । कहिलेकाही एउटा प्रश्नले पछ्याउनु पर्ने सामग्रीको परिचय दिन्छ । अन्य समयमा, प्रश्नले विद्यार्थीहरूलाई उनीहरूले भर्खरै अध्ययन गरेको कुराको जवाफ दिन सोध्छ । प्रश्नहरूले "हो" वा "होइन" जवाफको लागि कुरा गर्दैन, तर व्याख्याको लागि गर्छ । शिक्षकले धेरै विद्यार्थीहरूलाई प्रतिक्रिया दिनु पर्छ । विशेष गरी जब प्रश्नले पछ्याउनु पर्ने सामग्रीको परिचय दिइरहेको हुदा छलफलको लागि प्रत्येक पटक निश्चित निष्कर्षमा पुग्नै पर्छ भन्ने आवश्यक छैन ।

शिक्षकहरूले आफ्नै थप छलफल प्रश्नहरू आवश्यक परेमा सम्मिलित गर्न सक्नुहुनेछ । कुनै पनि समय शिक्षकहरूले विद्यार्थीहरूबाट कुनै प्रतिक्रिया नगरी धेरै मिनेटसम्म कुरा गरिरहेको महसुस गरे, उनीहरूले विद्यार्थीहरूलाई प्रश्न सोध्नुपर्छ ।

समयको बर्बादी गर्ने बहसदेखि जोगाईराख्नु चाहि सधैं चुनौतीको कुरा हो । तर, धेरैजसो मानिसहरूले छलफल नगरी राम्रोसँग सिक्न सक्दैनन् । विद्यार्थीहरूलाई उनीहरूको संस्कृति र मण्डलिको परिस्थितिहरूमा यि अवधारणाहरू कसरी लागू हुन्छन् भन्ने बारे सोच्न र अरूको कुरा सुन्न समयको आवश्यकता पर्छ ।

धेरै जसो पाठ गृहकार्यसंग सकिन्छन् । शिक्षकले कामको व्याख्या गर्नुपर्छ । यदि कक्षाको दिनमा धेरै पाठहरू समावेश छन् भने, शिक्षकले विद्यार्थीहरूको अर्को कक्षामा हुने सबै कार्यहरू बुझाएको कुरा सुनिश्चित गर्नुपर्छ।

**पछिल्ला दिनहरूका कक्षा**

पहिलो दिन पछि कक्षाको दिनहरूमा गृहकार्यहरू बाकि रहेका हुनेछन् । शिक्षकले कक्षाको सुरुमा गृहकार्यहरू सङ्कलन गर्नुपर्छ । केही विद्यार्थीहरुले प्रस्तुतीकरणहरू सुरुमा बनाउन सकन्छ, र अरूहरू पछिका कक्षाहरुमा भिन्नता प्रदान गरि दिन सक्छन् ।

जब कुनै परीक्षा हुन्छ वा स्मरण वा पढेका कुराबाट केही लेख्नु पर्छ भने, यो सुनिश्चित गर्न महत्त्वपूर्ण छ कि कोहि विद्यार्थीहरू बसिरहेका छन् ताकि अन्य विद्यार्थीहरूले के लेखिरहेका छन् भनेर सजिलै देख्नबाट बच्न सक्छन् ।

तोकिएको विद्यार्थी प्रस्तुतीकरणहरू बाहेक, शिक्षकले विद्यार्थीलाई पाठ्यक्रमको एक खण्डबाट सामग्री प्रस्तुत गर्न बारम्बार अहराउनुपर्छ । विद्यार्थीले तयारी गर्न सकून भनि त्यो समय अगावै व्यवस्थित गरिनु पर्छ ।

# अध्याय ७

# शिक्षकहरु पत्ता लगाउने

## यस अध्याय प्रयोग गर्ने तिन तरिकाहरु

**१. एक प्रशिक्षकले स्थानीय शिक्षकहरू विकास गर्न यस अध्यायमा विधिहरू प्रयोग गर्न सक्छ ।** यदि स्थानीय चर्चमा सिकाउन सक्षम व्यक्ति छैन भने, एक प्रशिक्षकले तुरुन्तै स्वतन्त्र रूपमा स्थानीय कार्यक्रम सञ्चालन गनर्े काम सुरु गर्न सक्दैन । प्रशिक्षकले सम्भावित शिक्षकहरू पत्ता लगाउने र विकास गर्ने काम गर्नैपर्छ । यस अध्यायले प्रशिक्षकलाई स्थानीय शिक्षकहरू कसरी सुरु गर्ने भनेर बताउँछ ।

**२. प्रशिक्षकले स्थानीय शिक्षकहरूलाई उनिहरुको विद्यार्थीहरूका लागि यो विधि प्रयोग गर्नका लागि सुसज्जित गर्छ ।** यदि नयाँ स्थानका स्थानीय शिक्षकहरू पहिले नै सिकाउन सक्ामम छन् भने, प्रशिक्षकले यस अध्यायका अभ्यासहरू प्रयोग गर्न आवश्यक छैन । प्रशिक्षकले स्थानीय शिक्षकहरूलाई विधि सिकाउनुपर्छ ताकि उनीहरूले आफ्ना विद्यार्थीहरूको िवकास गर्न अभ्यासहरू प्रयोग गर्न सक्नेछन् ।

**३. स्थानिय शिक्षकले बिद्यार्थीहरु बिकास गर्छ ।** प्रत्येक शिक्षकले विद्यार्थीहरूको सेवकाई सीप विकास गर्न प्रयास गर्नुपर्छ । यस अध्यायमा वर्णन गरिएका विधिहरू विद्यार्थीहरूलाई समूहहरूमा बोल्ने काम सुरु गर्न मद्दत गर्न उपयोगी हुनेछ ।

## शिक्षकहरू पत्ता लगाउने आवश्यकता

कहिलेकाहीँ जब एस.जि.सि. प्रतिनिधिहरू चर्चहरू भ्रमण गर्छन् तिनीहरूले पाठ्यक्रमहरू सिकाउन तुरुन्तै तयार भएका व्यक्तिहरू भेट्टाउँछन् । सामान्यतया, यी सम्भावित शिक्षकहरू केही शैक्षिक प्रशिक्षण र शिक्षण अनुभव भएका व्यक्तिहरू हुन्छन् । तिनीहरू पाठ्यक्रमहरू हेर्छन् र तिनीहरूलाई सिकाउन सजिलो छ भनेर महसुस गर्छन् । प्रत्येक पाठको अगाडि निदर्िेशकाहरू छापिएका छन् । छलफल प्रश्नहरू प्रदान गरिएका हुन्छन् । पाठ्यक्रमहरू किताब मात्र होइनन्  उनीहरूलाई जस्ता को त्यस्तै सिकाउन सकिन्छ ।

पढ्ने सीप, बाइबलको ज्ञान र सिकाउने क्षमता भएको व्यक्तिले तिनीहरूलाई प्रयोग गर्न चाँडै सिक्न सकून् भनेर पाठ्यक्रमहरू निर्माण गरिएका छन् । यद्यपि, कहिलेकाहीँ धेरै शैक्षिक तालिम नपाएका मानिसहरू आफूले सिकाउन सक्षम छैन भनि महसुस गर्छन् । उनिहरु सोच्छन कि उच्च तािलम प्राप्त व्यक्तिले मात्र सिकाउन सक्छ ।

विश्वविद्यालयमा पढ्ने मौका नपाएका धेरै मानिसहरूलाई पनि परमेश्वरले शिक्षण क्षमता दिनुभएको छ । किनकि मण्डलीको लागि शिक्षकहरू आवश्यक छन्, हामी विश्वस्त हुन सक्छौं कि मण्डली जहाँ भए पनि मानिसहरूलाई सिकाउने क्षमता परमेश्वरले प्रदान गर्नुहुन्छ (एफिसी ४:११-१२)।

धेरै मानिसहरूले महसुस गर्दैनन् कि उनीहरूले आफ्नो सामान्य जीवनमा शिक्षण सीप विकास गरिसकेका छन् । तिनीहरूले घरमा र कामकाजमा धेरै कुराहरू व्याख्या गर्छन् । तिनीहरूले मानिसहरूलाई समस्या समाधान गर्न मद्दत गर्छन् । तिनीहरूले बिभिन्न कुराहरू व्याख्या गर्न सक्षम हुने इज्जत पाएका छन् । जब तिनीहरू विद्यालयमा विद्यार्थी थिए तिनीहरू पढ्न, बुझ्न र व्याख्या गर्नमा दक्ष थिए। उनीहरूलाई सिकाउने क्षमता पनि छ भन्ने थाहा छैन ।

एक प्रशिक्षकले सम्भावित शिक्षकहरूलाई अनुभवहरू मार्फत निर्देशित बोल्नका लागि अनुभवहरुद्धारा उनीहरूको क्षमता पत्ता लगाई मद्दत गर्नुपर्छ । अनुभवकाे माध्यमबाट, एक व्यक्तिले समूहहरूमा बोल्नको लागि आत्मविश्वास प्राप्त गर्दछ ।

**बोल्ने अनुभवहरू सृजना गर्ने तरिकाहरू**

**१. सजिलो विषयहरूमा बोल्ने गृहकार्यहरू दिनुहोस्** । भाषण केही मिनेट लामोमात्र हुन सक्छ । यदि विद्यार्थीहरू बोल्नको लागि समूहको अगाडि उभिएर आत्तिन्छन भने, तिनीहरू आफ्नो कुर्सीमा बसेर आफ्नो पहिलो बोल्ने कार्य गर्न सक्छन् ।

सजिलै बोल्ने गृहकार्यहरुको उदाहरणहरुः

- तपाईको बाल्यकालका चुनौतिहरु बारे बताउनुस् ।
- तपाईको लागि जो महत्वपूर्ण आफन्त थियो उसको बारेमा बोल्नुहोस ।
- अर्को विद्यार्थीलाई केही प्रश्नहरू सोध्नुहोस् त्यसपछि त्यो विद्यार्थीलाई समूहमा परिचय गराउनुहोस् ।
- तपाईलाई घुम्न मन लागेको ठाउँ के हो? किन ?
- बचनको आफ्नो मनपर्ने पदहरू मध्ये एकको बारेमा बताउनुहोस् ।
- आफ्नो कार्यस्थलमा कुनै एक दिनको बारेमा बताउनुहोस् ।
- तपाईंले हालसालै सुनेको प्रवचनबाट के सम्झनु हुन्छ ?

**२. कक्षामा एक व्यक्तिलाई प्रत्येक्ष प्रश्न गर्नुहोस्** । प्रश्नलाई छोटो जवाफ मात्र होइन केही व्याख्या चाहिन्छ । प्रश्नमा केहि हुनुपर्दछ, कि व्यक्तिले जवाफ दिन सक्षम होस, ताकि ऊ थप विश्वस्त होस र लाजमा नपरेको होस ।

**३. विद्यार्थीहरूलाई उनीहरूको गृहकार्य समूहमा व्याख्या गर्न भन्नुहोस्** । पाठहरूलाई विभिन्न गृहकार्यहरू आवश्यकता पर्दछ । यहाँसम्म कि प्रशिक्षकले एक दिनको लागि मात्र भए पनि, विद्यार्थीहरूलाई कुनै एउटा गृहकार्य लेखेर प्रस्तुत गर्न केही समय दिन सकिनेछ ।

**४. शिक्षण अभ्यासका लागि समूहहरूमा विभाजन गर्नुहोस् (प्रत्येक समूहमा तीन विद्यार्थी)** । प्रत्येक व्यक्तिलाई समूहलाई छोटो खण्ड सिकाउन लगाउनुहोस् । यसले एक सानो दर्शक दिन्छ र धेरै विद्यार्थीहरूलाई एकै समयमा अभ्यास गनेर् अनुमति वा मौका दिन्छ ।

**५. एक विद्यार्थीलाई पाठको सामग्रीको एक खण्ड व्याख्या गर्नलाई भन्नुहोस्** । पाठ्यक्रमहरूमा धेरै खण्डहरू केवल केही अनुच्छेदहरू छन् जसले पाठको अवधारणालाई व्याख्या गर्दछ । कक्षा अघि विद्यार्थीलाई भन्नुहोस् ताकि उसले तयारी गर्न सकोस् । उसले खण्डको व्याख्या गर्न केही मिनेट लिनेछ ।

**६. एक जान्ने विद्यार्थीलाई पाठ्यक्रमहरू मध्येबाट एक पाठ सिकाउन भन्नुहोस्** । विद्यार्थीले अरू कसैले सिकाएको सुनेको पाठ सिकाउनु चाहि सबैभन्दा सजिलो व्यवस्था हो । विद्यार्थीले आफूलाई कसैले न सिकाएको पाठ तयार गर्दा र सिकाउँदा उच्च स्तरको क्षमता देखाउँछ । प्रशिक्षकले आफूले सकेसम्म सिकाउनुपर्छ जस्तो लाग्न सक्छ, र कक्षाले प्रशिक्षकको कुरा सुन्न रुचाउन सक्छ, तर लक्ष्य चाहि अरूलाई सिकाउन तयार पार्नु हो ।

**७. “टेबल टक“ विधि प्रयोग गर्नुहोस्** । विद्यार्थीहरू मुद्रित पाठ्यक्रमहरूको साथ टेबलको वरिपरि बस्छन्। टेबुलमा शिक्षक हुदैनन् । पाठमा विभिन्न विद्यार्थीहरूले पालैपालो कुरा गर्छन् । विभिन्न विद्यार्थीहरूलाई आफ्नो बिचार सोधेर छलफललाई अगाडि बढाउन टेबुलमा एकजना व्यक्ति नियुक्त गरिन्छ । अगुवा चाहि शिक्षक होइनन् । समूहले पत्ता लगाउनेछ कि उनीहरूले शिक्षक बिना नै छलफल गरेर काम गर्न र सिक्न सक्छन् । यस विधिले सिकाउने व्यक्ति नभएको ठाउँहरूमा समूहहरूलाई सिकाउन सक्षम बनाउँछ ।

## निष्कर्ष

एस.जि.सि. को दर्शन भनेको स्थानीय े प्रशिक्षण सेवाकाईलाई जतातै पुराउनु हो । तालिम सबै ठाउँमा मानिसहरू मार्फत हुन सक्छ जसलाई परमेश्‍वरको क्षमता र बाइबलीय समझको बरदान दिनुभएको छ । शिक्षकहरूले यो याद राख्नु पर्छ कि उनीहरूको उद्‌देश्य ज्ञान दिनु मात्र होइन तर विद्यार्थीहरूलाई अरूलाई सत्य बुझाउनको लागि सुसज्जित गर्नु हो ।

# अध्याय ८

# स्थानिय गोठालो प्रशिक्षण केन्द्र संन्चालन

## परिचय

एस.जि.सि. बाट पाठ्यक्रमहरू विभिन्न प्रकारका कार्यक्रमहरूमा प्रयोग गरिन्छ । केही उच्च विद्यालयहरू (कहिलेकाहीँ माध्यमिक विद्यालय भनिन्छ) निश्चित पाठ्यक्रमहरू प्रयोग गर्छन् । केही मण्डलिहरूले आफ्नो सन्डे स्कूलहरूमा निश्चित पाठ्यक्रमहरू प्रयोग गर्दर्छन् । घरेलू बाइबल अध्ययन समूहहरूले पनि अध्ययन गर्नका लागि पाठ्यक्रमहरू छनौट गर्दर्छन् । पास्टरहरूले पनि प्रचार र शिक्षणमा समेत प्रयोग गर्न पाठ्यक्रमहरूबाट सामग्री चयन गर्छन् ।

यस अध्यायका निर्देशनहरू स्थानीय प्रशिक्षण केन्द्रमा समेत अध्ययन गर्नेहरुमा लागु हुदछ, ताकि अध्ययन पुरा गर्नका लागि एस.जि.सि को २० वटा पाठहरु प्रयोग गरेको हुनुपर्दछ ।

## शैक्षिक स्तर



एस.जि.सि. पाठ्यक्रमहरूको पूर्ण सेटले बाइबल कलेजको पाठ्यक्रमलाई धेरै हदसम समेट्दछ । यो उद्देश्यसहित कुनैपनि कठिन शब्दावली बिना लेखिएको छ ।

एक विद्यार्थीले पाठ्यक्रमहरू तयार गरिएबमोजिम अध्ययन गर्दा राम्रोसँग पढ्न र लेख्न सक्षम हुनुपर्छ ।

पाठ्यक्रमहरू भरखर बदलि भएका चेलाहरूको को लागि निर्माण गरिएको छैन, यद्यपि धेरै सामग्रीहरू त्यसै उद्देश्यका लागि उपयोगी छन् ।

प्रत्येक विद्यार्थीको लागि समूहीक उत्तम अभ्यासहरूः

१. पाठ्यक्रमको प्रतिलिपि राख्नुहोस्
२. सबै कार्यहरू पूरा गर्नुहोस्
३. समूहमा सामग्री प्रस्तुत गर्ने अभ्यास गर्न अनुमति दिनुहोस्
४. स्थानीय मण्डलिसँ ंग राम्रो सम्बन्धमा रहनुहोस्, र
५. समूह बाहिर नियमित सेवकाई गर्नुहोस् ।

यी अभ्यासहरू कायम राख्ने शिक्षकले विद्यार्थीहरूलाई प्रभावकारी रूपमा सेवाकाईको लागि तालिम दिनेछन् ।

सेवकाईको लागि तयारी नगर्ने विद्यार्थीहरूको समूहका लागि विद्यार्थी संस्करणहरू उपलब्ध छन्। विद्यार्थी संस्करणहरू पाठ्यक्रमहरूको खदिलो संस्करणहरूका पाठ हुन् । ति उच्च विद्यालयहरु (माध्यमिक विद्यालयहरू) र सन्डे स्कुलहरूमा  ति प्रयोग गरिन्छन् । ती विद्यार्थीहरूले सामान्य गृहकार्यहरू गर्दैनन् किनभने तिनीहरू सेवकाईको अभ्यास गर्दैनन् वा सेवकाईको लागि तयारी गर्दैनन् । विद्यार्थी संस्करणहरू सेवाकाईको लागि तयारी गरिरहेका र सेवाकाई प्रशिक्षणको प्रमाणपत्र प्राप्त गर्ने योजनामा रहेका विद्यार्थीहरूका लागि प्रयोग गर्नु हुँदैन । यी विद्यार्थीहरूका शिक्षकहरूले मूल एस.जि.सि.का पाठ्यक्रम पाठबाट पढाउन नै पर्छ किनभने विद्यार्थी संस्करणचाहि अपूर्ण छ ।

एस.जि.सि.ले शैक्षिक डिग्री दिदैन । कतिपय स्थानहरूमा एस. जि. सि.पाठ्यक्रमहरू प्रयोग गर्ने स्थानीय वा राष्ट्रिय प्रशिक्षण केन्द्रहरूले आफ्नै आवश्यकताहरूको आधारमा डिग्री वा प्रमाणपत्र दिन्छन् । विद्यार्थीले प्रशिक्षणमा नाम दर्ता गर्नुपर्छ र तिनिहरुको आवश्यकताहरू पूरा गर्नुपर्छ ।

शैक्षिक डिग्री उपलब्ध नभएको ठाउँमा कार्यक्रमलाई व्यावसायिक तालिम मान्नु पर्छ। व्यापारीक संसारमा व्यावसायिक प्रशिक्षण कार्यक्रमहरूले एक व्यक्तिलाई पेशामा दक्ष बनाई काम गर्न तयार गर्दछ । ती कार्यक्रमहरूले डिग्रीहरू प्रदान गर्दैनन्, तर तिनीहरूले प्रमाणित गर्छन् कि ति व्यक्तिलाई तालिम प्राप्त हुन भनि प्रमाणित गर्दछ । त्यस्तै, एस.जि.सि कार्यक्रम सेवाकाईका लागि व्यावसायिक प्रशिक्षण हो ।

**आवश्यक सामग्री**

पाठ्यक्रमहरूको लागि अतिरिक्त बाइबल मात्र आवश्यक छ, तर पाठ्यक्रमहरूको थप अध्ययनको लागि सामग्रीहरू सिफारिस गर्छ । स्थानीय संस्थाले विद्यार्थीको प्रयोगका लागि पुस्तकालय विकास गर्ने प्रयास गर्नुपर्छ ।

**कक्षा तालिका**

स्थानीय परिस्थितिहरूमा आधारित, स्थानीय प्रशिक्षण केन्द्रको कक्षाहरूको लागि आफ्नै तालिका हुन सक्छ । तथापि, पर्याप्त समय प्रतिबद्ध गरिएको हुनुपर्छ । यदि शिक्षकले छलफल र विद्यार्थी अभ्यास बिना सामग्री पढाउनुभयो भने, बेतित समय कम हुनेछ, तर उक्त कक्षाले विद्यार्थीहरूलाई राम्रोसँग सुसज्जित पारेर लैजान सक्दैन । यदि समूहले सामग्री र पूरा कार्यहरू छलफल गनेर् समय बिताउँछ भने, पाठ्यक्रमले कक्षाकोठाको तीस घण्टा भन्दा बढी समय लिनेछ । विद्यार्थीहरूले कक्षा बाहिर गृहकार्यहरू गर्नका लागि अतिरिक्त समय खर्च गर्नुपर्छ ।

**पाठ्यक्रमहरूको क्रमता**

एक निश्चित क्रमबद्धता आवश्यक छैन । प्रत्येक कक्षा पूरा हुन्छ र यसलाई अघि बढाउन अर्को कक्षामा निर्भर हुन पर्दैन । नयाँ विद्यार्थीहरूलाई कुनै पनि पाठ्यक्रमको सुरुमा सामेल हुन अनुमति दिदै, चक्रियक्रममा कार्यक्रम चलाउन सम्भव छ । एउटा प्रशिक्षण केन्द्रको नयाँ विद्यार्थीहरूलाई एक वर्षको सुरुसम्म पर्खनुको सट्टा निरन्तर भर्ना गर्न

सक्छ । व्यक्तिगत विद्यार्थीहरू कुनै पनि पाठ्यक्रमको सुरुमा भर्ना हुन सक्छन् र तिनीहरूले सबै पाठ्यक्रमहरू समाप्त नगरेसम्म चक्रिय प्रणालिमार्फत निरन्तर पाठहरु नसकेसम्म जारी राख्न सक्छन् ।

## गुणस्तर नियन्त्रण

शिक्षकले विद्यार्थीको हाजिराको अभिलेख राख्नुपर्छ । कम्तिमा ७५% कक्षामा उपस्थित नहुने र आवश्यक काम १००% पूरा नगर्ने विद्यार्थीले पाठ्यक्रमको लागि क्रेडिट प्राप्त गर्ने छैन । विशेष परिस्थितिमा, कक्षा छुटेको समयको क्षतिपूर्ति गर्न शिक्षकले अतिरिक्त अध्ययन दिन सक्छ ।

शिक्षकले अन्तिम ग्रेड निष्पक्ष र सही छ भनी सुनिश्चित गर्नका लागि विद्यार्थीहरूले पूरा गरेको गृहकार्यहरूको सावधानीपूर्वक अभिलेखिकरण राख्नुपर्छ । शिक्षकले व्यक्तिगत विद्यार्थीहरूलाई उनीहरूको गृहकाय वा हाजिरीले उनीहरूको ग्रेड कम गरिरहेको छ भनी थाहा छ भनी सुनिश्चित गर्नुपर्छ ।

यदि स्थानीय प्रशिक्षण केन्द्रहरूको प्रशिक्षण हिस्सा हो भने, हाजिरा र गृहकार्यको अभिलेख क्षेत्रीय प्रशिक्षकहरूको निरीक्षण गर्न उपलब्ध हुनुपर्छ । यदि स्थानीय प्रशिक्षण केन्द्रले निरन्तर स्थिरतामा आवश्यकताहरू कायम गर्दैन भने प्रमाणपत्रको मूल्य हुँदैन ।

## स्थानीय आर्थिक सहयोग

प्रत्येक स्थानीय प्रशिक्षण स्थानलाई स्थानीय रूपमा समर्थन गरिएको हुर्नुपर्छ । कक्षा कोठा स्थानीय मण्डलिद्वारा प्रदान गरिएको हुन्छ । शिक्षकहरूले स्थानीय सेवाकाईको भागको रूपमा सेवा गर्छन् । मुल्य तोकिएका पाठ्यक्रमहरूको लागत स्थानीय सेवाकाई वा विद्यार्थीहरूद्वारा नै बुझिनेछ । यदि कुनै प्रशिक्षण केन्द्रहरू संस्थाको भाग हो भने, केन्द्रीय प्रशासनले विद्यार्थीहरूकाे लागि शुल्क तोक्न सक्छ जसले मुल्य तोकिएका पाठ्यक्रमहरूको लागतलाई पनि समाबेश गर्दछ र स्थानीय प्रशिक्षणका कर्मचारीहरूलाई सहयोग गर्न मद्दत गर्दछ ।

स्थानीय प्रशिक्षणका कर्मचारीहरू सबै वितीय मामिलामा इमान्दार र पारदर्शी हुन आवश्यक छ (२ कोरिन्थी ८:२१)। के को पैसा जम्मा हुन्छ र कसरी खर्च हुन्छ भन्ने कुरा सम्बन्धित सबैलाई थाहा हुनुपर्छ । कोषहरुको व्यवस्थापन लागि एउटा समिति हुनुपर्छ । वित्तीय मामिलाहरूको उदाहरणहरूमा विद्यार्थीहरूले स्थानीय प्रशिक्षण केन्द्र वा केन्द्रीय प्रशासनलाई तिर्ने शुल्कहरू, छापिएका पाठ्यक्रमहरूको लागत, स्थानीय शिक्षकहरूको समर्थन, र सङ्कलन वा खर्च गरिएको अन्य कुनै पनि पैसा समावेश गरिएको हुनुपछर् ।

किनभने इमानदारी ईसाई चरित्रको आधारभूत तत्व हो, यो एक बेइमान व्यक्ति असल ईसाई उदाहरण हुन सम्भव छैन। एक बेइमान व्यक्ति कुनै पनि सेवाकाईको पदमा बसेको हुनुहुदैन । बेइमानीको कुनै पनि घटनाले एस.जि.सि. सँग अगुवाको सम्बन्धलाई असर गर्छ ।

## एक मिसन संगठन/राष्ट्रिय सेवाकाई र सहकार्यमा एक स्थानीय प्रशिक्षण केन्द्र

एबिसि एउटा राष्ट्रिय सेवाकाईको काल्पनिक नाम हो जसले मण्डलिहरूलाई स्थानीय प्रशिक्षण केन्दहरू स्थापना गर्न मद्दत गर्छ । एबिसि ले स्थानीय प्रशिक्षण केन्दहरूको लागि प्रयोग गर्ने स्थानको सम्झौता निम्न पृष्ठमा फेला पर्दछ । एबिसि प्रतिनिधिहरूले यस अध्यायको अन्तिम पृष्ठमा सूचीबद्ध प्रश्नहरू प्रयोग गरेर स्थानीय प्रशिक्षण स्थानहरूमा नियमित रूपमा भ्रमण र निरीक्षण गर्छन ्।

## नमूना साईट सम्झौता

*ए बि सि ले उनिहरुको राष्ट्रिय सेवाकाइर् र स्थानिय तालिमबिचको उनिहरुको सम्वन्ध यस फारममा ब्याख्या गर्छ।*

ए बि सि को उद्देश्य सेवकाई नेताहरू विकास गर्न चर्चलाई सुसज्जित गरेर ख्रीष्टको शरीरको सेवा गर्नु हो । एउटा स्थानिय मण्डलि वा सेवाकाई संस्थाले एस.जि.सि. को तालिम कार्यक्रम पाठ्यक्रमहरु प्रशिक्षण कार्यक्रममा प्रयोग गर्नका लागि स्विकृति गर्न सक्छन् ।

स्थानिय सेवाकाईले आफ्नो प्रतिबद्धता पुरा नगरेको खण्डमा एबिसिले यो सम्झौता रद्द गर्ने अधिकार सुरक्षित गरिराखेको हुन्छ ।

**ए बि सि ले निम्न कुराहरु प्रदान गर्दछः**

- २० वटा सेवाकाई तालिम पाठहरुको सेटहरु
- शिक्षकहरुका लागि तालिम सेमिनार
- स्थानिय शिक्षकहरुलाई प्रोत्साहन गर्न र गुणस्तर बृद्धि गर्न प्रशिक्षण स्थलमा प्रशासनको भ्रमण
- प्रत्येक पाठ्यक्रमको समाप्तिमा बिद्यार्थीहरुलाई प्रमाणपत्रहरु (प्रत्येक बिद्यार्थीहरुले प्रमाणपत्र प्राप्त गर्नको लागि पाठ्यक्रमको ब्यक्तिगत प्रतिलिपि आवश्यक छ ।)
- सम्पुर्ण कार्यक्रमको समापन गरेको प्रमाणपत्र
- एउटा ए बि सि चिन्ह सेवाकाईको साईटमा राखिनेछ ।

**स्थानिय सेवाकाईले निम्न कुराहरुलाई कटिबद्धता जनाउदछ**:

- ए बि सि प्रशासनको स्वीकृतिमा बिश्वासयोग्य, सक्षम स्थानीय शिक्षकहरू नियुक्त गर्न ।
- शिक्षकहरूलाई प्रशिक्षणमा भाग लिन र ए बि सि प्रशासनबाट निर्देशनहरू पालना गर्न आवश्यक छ ।
- असल अध्ययन संन्चालन गर्न अनुकुल कक्षाकोठा जुटाउने ।
- आवश्यक परेमा स्थानिय शिक्षकहरुलाई आथिक सहयोग गर्ने ।
- प्रत्येक पाठयक्रम प्रतिलिपिको लागि र एबिसिलाई भर्ना शुल्क जम्मा गरी पठाउन आवश्यक छ ।
- एबिसि प्रशासनलाई बिद्यार्थिको हाजिरी र गृहकार्य पुरा गरेको अभिलेख उपलब्ध गराउने ।
- एबिसिद्धारा प्रदान गरिएको चिन्हलाई अबलम्वन गर्ने । त्यो चिन्ह चाँहि एबिसिको सम्पति हो र यो सम्झौता रद्द भएको अवस्थामा हटाइनेछ ।

स्थानिय सेवाकाईको नामः ___________________________________

स्थानिय सेवाकाईको प्रतिनिधिको हस्ताक्षरः ___________________________________

एबिसिको आधिकारीक प्रतिनिधिको हस्ताक्षरः ___________________________________

**स्थानिय प्रशिक्षण केन्द्र निगरानिको लागि नमुना प्रश्नहरु**

*जब एबिसिका प्रतिनिधिहरु स्थान भ्रमणका लागि आउदछन्, तिनिहरुले मुल्याङ्कन गर्दा र सुधारका लागि निर्देशन दिदा निम्न प्रश्नहरु प्रयोग गर्दछन् ।*

१. के तालिम केन्द्रका शिक्षकले एस.जि.सि. तालीम लिएका छन ?

२. के शिक्षकले सिकाउदा बिभिन्न शिक्षण बिधि प्रयोग गरेका छन् ?

३. के शिक्षकहरु बिद्यार्थीहरुसँग छलफल र सहभागितामा समावेश गराउदछन् ?

४. सहायक शिक्षकको विकास भइरहेको छ ? के तिनीहरूले सिकाउने अभ्यास गरिरहेका छन्?

५. के कक्षाकोठा अध्ययाको लागि अनुकूल छ (बस्ने ठाँउ, उज्यालो, अलमलाउने कुरा देखि टाढो र हल्लामुक्त) ?

६. के प्रत्येक बिद्यार्थिहरुसँग पढ्दै गरेको पाठ्यपुस्तक ब्यक्तिगतरुपमा साथमा छ ?

७. के सबै बिद्यार्थिहरु आफ्नो गृहकार्य पुरा गर्नका लागि पुग्दो पढ्न र लेख्न सक्छन् ? (प्रमाणपत्र पाउनका लागि आवश्यक पर्छ ।)

८. के कक्षाकोठामा तालिकाले तोकिए बमोजिमहरु तिस घण्टा कक्षाको समय दिइ प्रत्येक पाठ्यक्रमको लागि गृहकार्य पुरा गर्न अतिरिक्त समय बिताएको छ ?

९. के जाँच प्रक्रियाले बिद्यार्थिहरुले अरुको हेरे नहेरेको वा लिखित पुस्तकबाट सारेको हो होईन भनी पक्का गरेको हो ?

१०. के शिक्षकले बिद्यार्थिहरुको हाजिरीको हुबहु अभिलेखिकरण गरेको छ ? (कक्षाको 25% भन्दा बढी समय गुमाउने विद्यार्थीले पाठ्यक्रमको लागि क्रेडिट प्राप्त गर्नु हुँदैन ।)

११. के शिक्षकले बिद्यार्थीहरुको पुरा गृहकार्यको अभिलेख पुर्णरुपमा राखेको छ ? (प्रमाणपत्र पाउनका लागि सबै गृहकार्यहरु पुरा गरेको हुन आवश्यक छ । गृहकार्यहरु हालसालैका कक्षादेखि पाठको अन्त्यसम्म पुग्दासम्मको उपलब्ध भएको हुन आवश्यक छ ।)

१२. के स्थानिय प्रशिक्षण केन्द्रको लागि स्थानिय आर्थिक सहयोगको बिकास गर्दैछ ?

१३. के स्थानिय प्रशिक्षण केन्द्रको आर्थिक खुल्लापन र जबाफदेहिता ब्यबस्थापनका लागि स्थानिय समिति मार्फत गरिएको छ ?

# एस.जि.सि.का अनलाइन श्रोतहरु

### एस.जि.सि. एप

एस.जि.सि. एप गुगल तथा एप्पल एपमा उपलब्ध छ ।

यस एपले सम्पूर्ण पाठ्यक्रमहरु पढ्न र डाउनलोड गर्न उपलब्ध छ । प्रत्येक समाप्त भएपछि विभिन्न भाषाहरूमा अनुवादहरू उपलब्ध गराइन्छ ।

### ShepherdsGlobal.org

यस वेवसाइटमा पाठहरु डाउनलोड र अन्य सामाग्रीहरु उपलब्ध छ ।

### शिक्षक तालिम

यो स्थानिय तालिम पुस्तिका कागजातको रूपमा डाउनलोड गर्न सकिन्छ। विभिन्न भाषाहरूमा प्रशिक्षण पाठ्यक्रमको भिडियो संस्करणहरू पूरा भएपछि थपिनेछ।

### स्लाइड शो प्रस्तुतिहरू

अंग्रेजी स्लाइड शो प्रस्तुतीकरणहरू निःशुल्क डाउनलोडको लागि उपलब्ध छन्।ृ ।

### प्रचार भिडियोहरू

वेबसाइटमा एस.जि.सि. अगुवाहरू, शिक्षकहरू, र विद्यार्थीहरूले कार्यक्रमको दर्शन र प्रभावको वर्णन गर्ने भिडियोहरू समावेश छन्।ृ ।

### पाठ्यक्रमहरूको अडियो र भिडियो रेकर्डिङ

सिकाइने पाठ्यक्रमहरूको अडियो र भिडियो रेकर्डिङहरू प्रत्येक समाप्त भएपछि विभिन्न भाषाहरूमा उपलब्ध गराइनेछ ।